धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं
एकअर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं । एकापसमा भेदभाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० असोज १२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 September 29 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ४१

## चिकित्सक आक्रमणविरुद्ध विरोध प्रदर्शन



तस्वीर: प्रतीक

प्रस, परवानीपुर, ११ असोज/

चिकित्सकमाथि आक्रमणको विरोधमा बिहीवार नेपाल चिकित्सक सङ्घ नारायणी शाखा वीरगंजले विरोध र्‍याली निकालेको छ। नारायणी अस्पताल वीरगंजबाट निस्किएको र्‍याली नगर परिक्रमापछि घण्टाघरमा पुगेर कोणसभा गरिएको थियो ।

कोणसभामा वक्ताहरूले हेटौंडा, पोखरालगायत विभिन्न ठाउँमा चिकित्सकमाथि बढिरहेको आक्रमणको घटनाले चिकित्सकहरू त्रसित भएको बताए। चिकित्सक वक्ताहरूले अहिलेको समयमा निर्भीक भएर उपचार सेवा दिन सक्ने अवस्था नभएकोले चिकित्सकहरूको सुरक्षाको प्रत्याभूति राज्यले गराउनुपर्नेमा जोड दिए । उनीहरूले कानूनी राज्यमा कानूनी आधारमा कुनै पनि विवाद टुङ्गो लगाउनेतर्फ राज्य लाग्नुपर्ने बताए। उनीहरूले राज्यले सुरक्षाको प्रत्याभूति

(बाँकी अन्तिम पातामा)

## निजगढका क्रसरहरूमा नदीजन्य पदार्थ ८५ लाख ७६ हजार क्यूफिटभन्दा बढी मौज्जाद

प्रस, निजगढ, ११ असोज/

निजगढ नगरपालिका वडा नं ४ को कछडिया टोल र वडा नं ९ मा रहेका आठवटा क्रसर उद्योगमा हाल ८५ लाख ७६ हजार ७७६.५० क्यूफिट नदीजन्य पदार्थ मौज्दात रहेको जनाइएको छ ।

निजगढ नपाका इन्जिनीयर रूपेश यादवको नेतृत्वको प्राविधिक टोलीले बकैया क्रसर उद्योगमा चार लाख ५४ हजार ४२२.३० क्यूफिट, नेपाल क्रसर उद्योगमा २२ लाख ३० हजार ४५४.५० क्यूफिट, शङ्कर क्रसर उद्योगमा १५ लाख ४२ हजार ४५४.३० क्यूफिट, लालबकैया क्रसर उद्योगमा आठ लाख ४१ हजार ९१८.३९ क्यूफिट, हिमाल क्रसर उद्योगमा चार लाख ७३ हजार ७९९.८२ क्यूफिट, चौलागाईं क्रसर उद्योगमा १८ लाख ९७ हजार ९४०.५२ क्यूफिट, वैष्णवी क्रसर उद्योगमा चार लाख ४९ हजार ७३१.८० क्यूफिट, दङ्गाल क्रसर उद्योगमा छ लाख ८६ हजार ५४.८८ क्यूफिट नदीजन्य पदार्थ मौज्दात रहेको जनाएको छ ।



निजगढस्थित क्रसर उद्योगमा मौज्दात रहेको नदीजन्य पदार्थको मौज्दात विवरण सङ्कलन गर्दै । तस्वीर: प्रतीक

उक्त परिमाण टेन डाउन गिट्टीबाहेक क्रसर उद्योगबाट उत्पादन, प्रशोधन गरिएको र नगरी थुपारिएको नदीजन्य पदार्थ ग्राभेल, ढुङ्गा, गिट्टी, बालुवाको मौज्दात परिमाण रहेको इन्जिनीयर यादवले जानकारी दिए ।

निजगढ नपाको निर्देशनमा प्राविधिक टोलीले गत साउन ११ गतेदेखि एक सातासम्म गरेको स्थलगत अनुगमनबाट उक्त परिमाणमा मौज्दात निकालेको हो ।

निजगढ नपाले अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा एक करोड ५६ लाख १४,७४४ घनफिट अर्थात् चार लाख ४२ हजार ५९४ घनमिटर नदीजन्य पदार्थ उत्खनन, सङ्कलन गर्न सक्ने प्राविधिकलाई तयार पार्न लगाइएको वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेख छ ।

निजगढ नपाले ठेक्का लगाउँदै आएको नदीजन्य पदार्थ उत्खननविरुद्ध उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा मुद्दा परेको आठ महीनापछि मुद्दा टुङ्गिएपछि नदीजन्य पदार्थको ठेक्का लगाउन निजगढ नपालाई बाटो खुलेको थियो । तीनपटक खोला ठेक्काको सूचना निकाले पनि ठेक्का लाग्न सकेन ।

यता डिभिजन वन कार्यालय, बारासँग प्रतिवेदनको विषयलाई लिएर जारी विवादका कारण निजगढ नपाले खोला च्यानलाइजबाहेक उत्खनन कार्य अघि बढाएको छैन ।

## स्वास्थ्य शिविरमा दुई सयभन्दा बढी लाभान्वित

प्रस, परवानीपुर, ११ असोज/

राष्ट्रिय मानव अधिकार तथा भ्रष्टाचार नियन्त्रण नेपालको आयोजनामा स्वास्थ्य शिविर सम्पन्न भएको छ । त्रिजुद्ध मावि परिसरमा बिहीवार सम्पन्न स्वास्थ्य शिविरमा दुई सयभन्दा बढी मानिसको स्वास्थ्य परीक्षण भएको हो ।

संस्थाका पूर्वअध्यक्ष स्व परमानन्द चौधरी (कुर्मी)को वार्षिकीको अवसरमा स्वास्थ्य शिविर आयोजना गरिएको संस्थाकी कार्यक्रम संयोजक सङ्गीता पटेलले बताइन् । मानव अधिकारकर्मीको रूपमा पहिचान बनाएका कुर्मीको निधन वीरगंजकै लागि अपूरणीय क्षति भएको र उनको वार्षिकीमा सामाजिक कार्यक्रम गर्दा समाजलाई फाइदा पुगेको कार्यक्रमका प्रमुख अतिथि पर्साका प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले बताए ।



तस्वीर: प्रतीक

संस्थाका अध्यक्ष सुनील चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा डा पवन पटेल, डा जगदीप, डा मञ्जु रोयलगायतले स्वास्थ्य परीक्षण गरेका थिए । सो अवसरमा सन्तोष पुन, नवीन मिश्र, रजनीश झा, कमल चौगाईं, सरोज पटेल, अजय पटेललगायतको सहभागिता थियो ।

## महमद डेको अवसरमा विभिन्न कार्यक्रम






तस्वीर: प्रतीक

नितेश कर्ण, वीरगंज, ११ असोज/

इस्लाम धर्मका प्रवर्तक पैगम्बर महमदको १४९८औं जन्मोत्सवको अवसरमा बिहीवार वीरगंजमा र्‍याली निकालिएको छ ।

छपकैया, इनर्वा, गहवा, लाठगल्ली, मुर्ली, बहुअरीलगायतका टोलबाट निकालिएको र्‍याली नगरपरिक्रमापछि घण्टाघरमा पुगेर नेपालको राष्ट्र गान बजाएर कार्यक्रम समापन गरिएको थियो ।

यसैगरी, महमद डेको अवसरमा नवजनकल्याण युवा सञ्जाल, एनबी फाउन्डेशन र निर्मल जलद्वारा श्रद्धालुहरूलाई सर्बत वितरण गरिएको थियो ।

सर्बत वितरणपछि सञ्जालले उक्त स्थानको सरसफाइ पनि गरेको थियो ।

सञ्जालका अध्यक्ष अलीको नेतृत्वमा भएको कार्यक्रममा फाउन्डेशनकी अध्यक्ष प्रीति तिवारी, दिलखुश देवान, राजु गुप्ता, अङ्कित मिश्र, सुशील साहलगायतको सहभागिता थियो ।

## खडेरी लाग्न थालेपछि किसानहरू चिन्तित

ओमप्रकाश चौधरी, सेढवा, ११ असोज/

लामो समयदेखि पानी नपरेपछि पर्साको ग्रामीण भेगमा खडेरी लाग्न थालेको छ । धानबालीमा बाला आउने बेला खडेरी लागेपछि किसानहरू चिन्तित बनेका छन् ।

अहिले सोना मन्सुली, मनी मन्सुली तथा सेतो मन्सुली जातका अगहनी धानबालीमा बाला निस्कन थालेका छन् । बाला निस्कने समयमा पानी नपर्दा बाला सानो हुने, बालामा दाना नलाग्ने तथा बाला निस्कन नसक्ने समस्याले किसानहरू चिन्तामा परेका छन् । खासगरी गण्डक नहरभन्दा उत्तरका जगरनाथपुर, जीराभवानी, पटेर्वासुगौली, सखुवाप्रसौनी गाउँपालिका र पर्सागढी नगरपालिकाका किसानहरूले यस्तो समस्या भोग्नुपरेको गुनासो गरेका छन् ।

जीराभवानी गाउँपालिका-२ सेढवा निवासी किसान प्रदीप चौधरीका अनुसार बाला आउने समयमा अनिवार्यरूपमा खेतमा पानी हुनुपर्छ । तर विगत एक महीनादेखि पानी नपर्दा र आकलझुकल पानीको छिटा मात्र आएकोले बाली सपार्न निकै समस्या भएको उनले बताए । किसानहरू दमकल प्रयोग गरेर सिंचाइ गरिरहेका चौधरीको भनाइ छ । जमीन एकदमै सुक्खा र बाली ठूलो भइसकेकोले दिनभरि पटाएको पानी भोलि नै सुक्ने गरेको किसान चौधरीको भनाइ छ ।



तस्वीर: फाइल

अहिले बालीमा सिंचाइ गर्दा एक बिघामा ३० देखि ४० घण्टा दमकल चलाउनुपरेको जगरनाथपुर गाउँपालिका-३ का किसान महेन्द्र रामले बताए । सिंचाइ गरेको बाली एक साता नबित्दै पुनः सिंचाइ गर्नुपर्ने अवस्था आउने गरेको उनको दुःखेसो छ । सिंचाइ गरेबापत दमकललाई प्रतिघण्टा ३०० रुपियाँका दरले एक बिघाको सिंचाइ गर्दा ९-१० हजार खर्चिनुपरेको किसान रामले बताए । यसले किसानहरूमाथि ठूलो आर्थिक दबाब परिरहेको रामको भनाइ छ ।

एक त रोपाइँको समयमा लामो समयसम्म पानी नपर्दा दमकलले सिंचाइ गरी रोपाइँ भएको थियो । अहिले बाला निस्कने समयमा पनि पानी नपर्दा समस्या थपिएको छ । इन्धनको मूल्य पनि अकासिएकोले किसानहरू आर्थिक मारमा परेका छन् ।

## विचारसार र सूक्तिहरू

**असल मानिस खोज्नु गाऱ्हो हुन्छ, त्यस्ताको सङ्गत छाड्नु झन् गाऱ्हो हुन्छ, बिर्सनु त असम्भव नै हुन्छ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com

## स्वास्थ्यकर्मीमाथिको आक्रमण

**स्वास्थ्य क्षेत्रलाई अति आवश्यक संवेदनशील क्षेत्र मानिन्छ। हरेक स्वास्थ्य संस्था उपचार तथा सेवामा अरूभन्दा अब्बल देखिन चाहन्छन्। आफ्नो संस्थामा उपचारका लागि आएका सेवाग्राहीको रोग निदान होस् भन्ने चाहना स्वास्थ्य संस्थाको हुन्छ। त्यस्तै आफूले उपचार गरेका हरेक बिरामी सन्चो होऊन् भन्ने भावना चिकित्सकले पालेका हुन्छन्। उपचार गर्दा बिरामी जति निको हुन्छ, चिकित्सकको नाम पनि उत्ति नै चल्ने हो। उनीहरू आफ्नो दक्षता र क्षमताले भ्याएसम्म बिरामीको उपचार गरिरहेका हुन्छन्। चिकित्सकले जति नै मेहनत गरे पनि स्वास्थ्य संस्थामा ल्याइएका बिरामी सबै निको हुन्छन् भन्न प्रत्याभूति हुँदैन। उपचारको प्रयास गर्दागर्दै पनि बिरामीको अवस्था बिग्रँदै जाने वा मृत्युसमेत हुन सक्छ। यस्तो अवस्थामा बिरामीका आफन्तजन दुःखी बन्नु स्वाभाविक हो। तर स्वास्थ्यकर्मीले उपचार गर्दागर्दै उनीहरूको कुनै गलती नहुँदा पनि चिकित्सकमाथि हातपात गर्ने र क्षतिपूर्तिको नाममा रकम लिने परिपाटी बढ्दै गएको छ। पछिल्लो समय चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थामाथि आक्रमण हुने अमानवीय र अस्वाभाविक घटनाहरू बढ्न थालेका छन्।**

**मकवानपुरको हेटौंडास्थित सन्चो अस्पतालका चिकित्सकमाथि कुटपिट भएको घटनालाई लिएर चिकित्सकले देशव्यापी आन्दोलन गरे। आन्दोलनरत चिकित्सक र सरकारबीच छ बुँदे सहमतिपछि आन्दोलन फिर्ता भएको थियो। तर उक्त आन्दोलन फिर्ता भएको केही दिन नबित्दै मोरङको सुन्दरहरैचा नगर अस्पतालका मेडिकल अधिकृत डा सन्दीप पोखरेलमाथि हातपात भयो। पोखरेललाई बूढीगङ्गा गाउँपालिका-७ का ३८ वर्षीय शुक्रराज माझीले आकस्मिक कक्षमा डचुटीमैं रहेको बेला हातपात तथा दुर्व्यवहार गरेका थिए। लगत्तै लमजुङ जिल्ला अस्पतालमा कार्यरत चिकित्सक सन्दीप अधिकारीलाई वडाध्यक्षले कुटपिट गरे। बेंसीशहर नगरपालिका-७ का अध्यक्ष ऋषिराम बस्नेतको आफन्तजन अस्पतालको आकस्मिक कक्षमा भर्ना भएका थिए। उनको चेकजाँच गरी राति साढे १० बजेतिर वार्डमा सार्न लाग्दा वडाध्यक्ष बस्नेतले अत्तो थापेर डा अधिकारीमाथि आक्रमण गरे। वडाध्यक्ष बस्नेतले नर्सिङ कक्षको ढोका फोडी भित्र प्रवेश गरेर डा अधिकारीको टाउको र छातीमा लात्ती, मुक्का प्रहार गरेका थिए। उक्त घटनाका अभियुक्तहरूलाई कारबाई हुन नपाउँदै पोखराको मणिपाल शिक्षण अस्पतालमा उपचारको क्रममा बिरामीको मृत्यु भएपछि चिकित्सकमाथि हातपात भएको छ। सोको विरोधमा मुलुकभरका चिकित्सकहरू आन्दोलनमा उत्रिएका छन्। चिकित्सकहरूले आकस्मिकबाहेकका सबै सेवा बन्द गरेका छन्।**

**कारबाईको व्यवस्था नभएको होइन। चिकित्सकमाथि दुर्व्यवहार तथा कुटपिट गर्नेविरुद्ध कडा कारबाई गरिने सरकारको तयारी प्रतिबद्धता छ। 'स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी पहिलो संशोधन ऐन २०७९'मा स्वास्थ्य संस्थामा तोडफोड वा अन्य कुनै कार्य गरी हानिनोक्सानी पुऱ्याएमा, स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई कुटपिट गरेमा वा शारीरिकरूपमा चोट पुऱ्याएमा तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँ जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ। हरेक अस्पतालमा ऐनको व्यवस्था लेखेर राख्न सरकारले आग्रह गरेको छ। तर कारबाईबारे जानकारी नभएर होइन, ऐन कार्यान्वयन नभएर आक्रमणकारीको मन बढेको हो। ऐन कायर्नन्वयनमा सरकार उदासीन छ।**

# जथाभावी एन्टिबायोटिकको प्रयोग स्वास्थ्यमाथि खेलबाड

नेपालमा एन्टिबायोटिकको व्यापक दुरुपयोग भइरहेको छ। यहाँ जुनसुकै एन्टिबायोटिक जहाँ पनि जसले पनि, विनाचिकित्सकको प्रिस्क्रिप्सन सजिलै किन्न सकिन्छ। बेच्ने वा किन्ने बेला कुनै रोकावट छैन। मनपरी ढङ्गले खाने गरिएको छ। एन्टिबायोटिक बनाउने, पुर्जामा लेख्ने, बेच्ने, किन्ने र खाने सबै क्षेत्रमा मनपरी छ। त्यसैले त बिस्तारै हाम्रो शरीरमा रहेका रोगका जीवाणु बलियो हुँदै गएका छन्। यसको परिणामस्वरूप हामीलाई कुनै रोग लागेपछि एन्टिबायोटिक खाए पनि त्यसले काम गर्न छोड्दै गएको छ। एन्टिबायोटिक औषधिभन्दा जीवाणु बलियो हुँदै जानु भनेको चिकित्सा विज्ञान क्षेत्रकै लागि मात्र नभएर मानवजगत्कै लागि ठूलो चुनौती हो।

एन्टिबायोटिक औषधि सेवन गर्नु भनेको पक्कै पनि बदाम र भटमास खाएजस्तै पक्कै पनि होइन। तर विडम्बना देशका दूरदराजका मानिसहरूले मात्र नभएर शहरी क्षेत्रमा बसोवास गर्ने र पढेलेखेका व्यक्तिहरूले पनि कुन बेला, कति मात्रा, कुन रोगको उपचारमा एन्टिबायोटिक सेवन गर्ने भन्ने राम्रो ज्ञान पाइँदैन। खानैपर्ने बिरामीले एन्टिबायोटिक खाँदा खासै ठूलो समस्या नहोला तर नखानुपर्नेले खाँदा समस्या देखिएको छ। सबै रोगको उपचारमा एन्टिबायोटिकले काम गर्दैन। तर समाजमा एउटा यस्तो भ्रम छ कि हरेक रोगको अचूक उपाय भनेको एन्टिबायोटिक हो। कोभिडको महामारीको बेला एन्टिबायोटिकले काम गरेन। सामान्य सिटामोलबाहेक अरू औषधिले काम नगरेको हामी सबैले अनुभवसमेत गरेको प्रमाणित तथ्य हो। तर पनि सङ्क्रमित भएकामध्ये आधा जति नेपालीले कुनै न कुनै प्रकारको एन्टिबायोटिक सेवन गरेको पाइएको पाटन अस्पताल जनरल प्रेक्टिस तथा इमरजेन्सी विभागमा कार्यरत पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका सहप्राध्यापक डा आशिष श्रेष्ठ बताउँछन्।

नेपालमा एन्टिबायोटिकको प्रयोगसम्बन्धी नीति नै नभएको भने होइन। छ तर लागू गरिएको छैन। डा श्रेष्ठका अनुसार नियम अनुसार चिकित्सकको प्रिस्क्रिप्सनविना कडा खालका एन्टिबायोटिक किनबेच गर्न पाइँदैन। तर व्यवहारमा लागू भएको पाइँदैन। नेपाली समाजमा एन्टिबायोटिक औषधिप्रति जनताको विश्वास ठूलो छ। एन्टिबायोटिकले जुनसुकै रोग पनि निको पार्छ भन्ने बलियो मनोविज्ञान छ, समाजमा। त्यसैले सितिमिती अरू औषधिमा विश्वास गर्दैनन् बिरामी पनि। आयुर्वेदिक औषधिको प्रयोग कम हुनुमा यो पनि एक प्रमुख कारण हो।

उपभोक्ता मलाई यो नामको एन्टिबायोटिक दिनुहोस् भन्दै फार्मेसी पुग्ने गर्छन्। एन्टिबायोटिकबाहेकले मलाई ठीक

विचार



पदमराज जोशी

**चिकित्सकहरूका अनुसार रोग निको पार्न सधैं एउटै औषधिको प्रयोगभन्दा फरकफरक किसिमको औषधि प्रयोग गर्न राम्रो मानिन्छ। बिरामीलाई एउटा औषधिले निको नभए अर्को औषधि प्रयास गर्नु राम्रो चिकित्सकीय अभ्यास हो। तर एकैचोटी हाइडोजको एन्टिबायोटिक दिंदा समस्या निम्त्याउँछ।**

हुँदैन भन्ने उनीहरूको विश्वास छ। जनचेतनाको अभावका कारण नेपालमा एन्टिबायोटिकको उपभोग बढेको पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व उपकुलपति डा अर्जुन कार्की बताउँछन्। रोग चाँडो निको बनाउने होडबाजीका कारण पनि एन्टिबायोटिकको प्रयोग बढेकोमा विज्ञहरूको एक मत छ। रोग चाँडो निको पार्न बढी डोजको एन्टिबायोटिक दिने र लिने प्रवृत्ति छ। जुन स्वास्थ्यका हिसाबले हितकारी होइन। यही होडबाजीले एक रुपियाँको सिटामोल खाएर निको हुने रोगको लागि दशौं गुणा बढी मूल्य पर्ने एन्टिबायोटिक उपभोग गराइन्छ। यसरी अनावश्यक एन्टिबायोटिकको प्रयोगमा विभिन्न औषधि कम्पनीहरू र व्यापारीहरूको स्वार्थ पनि रहेको पाइन्छ।

चिकित्सकहरूका अनुसार रोग निको पार्न सधैं एउटै औषधिको प्रयोगभन्दा फरकफरक किसिमको औषधि प्रयोग गर्न राम्रो मानिन्छ। बिरामीलाई एउटा औषधिले निको नभए अर्को औषधि प्रयास गर्नु राम्रो चिकित्सकीय अभ्यास हो। तर एकैचोटी हाइडोजको एन्टिबायोटिक दिंदा समस्या निम्त्याउँछ। जथाभावी एन्टिबोयोटिकको प्रयोग गर्दा मिर्गौला फेल हुनेलगायतका शरीरका अन्य अङ्गसमेत फेल हुने अवस्था आउँछ। चिकित्सकहरूका अनुसार एन्टिबायोटिक नै रोगको पूर्ण निदान होइन। एन्टिबायोटिक खाएपछि त्यसले शरीरमा सङ्क्रमित ब्याक्टेरियालाई नष्ट गर्छ। यस हिसाबले कुन किसिमको ब्याक्टेरिया हो, त्यही आधारमा एन्टिबायोटिक प्रयोग गर्नुपर्छ। यसको मात्रा, अवधि, समय सबैकुरा ख्याल गर्नुपर्छ।

यद्यपि जुनसुकै अवस्थामा एन्टिबायोटिक सेवन गर्छौं। यस किसिमको प्रयोगले शरीरमा भएका ब्याक्टेरियाले आफ्नो रक्षात्मक क्षमता बढाउँछ। कोषिका परिवर्तन गर्छ। यसलाई 'ड्रग रेजिस्टेन्स' भनिन्छ। यस्तो हुनु भनेको ठूलो जटिलता हो। जब शरीरमा ब्याक्टेरियाले आफ्नो कोषिका बदल्छ, तब औषधिको प्रभाव कम हुन्छ। रोग फेरि बल्झन्छ र त्यसले थप चर्को रूप लिन्छ।

एन्टिबायोटिकको विषयमा उपभोक्ता मात्र होइन स्वास्थ्यकर्मी र फार्मेसी सञ्चालकहरूमा समेत चेतना अभाव छ। कसरी हुन्छ एन्टिबायोटिक भिडाइ हाल्ने मनोविज्ञान उनीहरूमा पनि छ। एन्टिबायोटिकको अत्यधिक प्रयोगले अहिले र पहिलेको तुलनामा एन्टिबायोटिकले काम नै गर्न छोड्दै छ। उदाहरणका लागि टाइफाइडमा प्रयोग हुने एन्टिबायोटिकले अहिले काम गर्न छोडेको छ। यो हाम्रो मात्र होइन, विश्वकै ठूलो समस्या हो।

विकसित देशहरूमा जथाभावी एन्टिबायोटिकको किनबेच हुँदैन। चिकित्सकको प्रिस्क्रिप्सनविना एन्टिबायोटिक बेच्न र किन्न पाइँदैन। त्यहाँ नियम पालना कडाइका साथ हुन्छ। अनुगमन कडा हुन्छ। तर हाम्रो देशमा न त कडा नियम हुन्छ, न त अनुगमन बलियो। त्यसैले यहाँ जनस्वास्थ्यमा माथि धनस्वास्थ्यको लडाइँ चलिरहेको छ। पैसा कमाउने निहुँमा जनताको स्वास्थ्य प्रयोगशाला भइरहेको छ। एन्टिबायोटिकको गुणस्तरमाथि पनि विचार गर्नुपर्छ। एन्टिबायोटिक उत्पादन गर्ने कम्पनीबाट त्यसको गुणस्तर निगरानी हुनुपर्छ। एउटै एन्टिबायोटिक धेरै कम्पनीले बनाउने गर्छन्। हाम्रो देशमा पनि औषधि व्यवस्था विभागले औषधिको गुणस्तर परीक्षण गर्छ। एन्टिबायोटिकको गुणस्तरका विषयमा पनि विभागले हेक्का राख्नुपर्छ। एन्टिबायोटिकको जथाभावी प्रयोग एक पक्षको प्रयासले मात्र सम्भव हुँदैन। त्यसमा सबै पक्षको सहयोग, सहकार्य आवश्यक पर्छ। एन्टिबायोटिक बनाउने कम्पनी, एन्टिबायोटिक लेख्ने चिकित्सक, बेच्ने फार्मेसी, किन्ने उपभोक्ता र नियम कानून बनाएर लागू गराउने सबैको उत्तिकै जिम्मेवारी हुन्छ।

एन्टिबायोटिकको अनावश्यक प्रयोग रोक्नका लागि जसले पनि किन्न पाउने नियम बन्द गर्नै पर्छ। राज्यले चाहेको खण्डमा एन्टिबायोटिकको प्रयोगमा भइरहेको बेतिथि रोक्न सक्छ। जस्तै उदाहरणको लागि नार्कोनन ड्रग्सविना लाइसेन्स बेच्न पाइँदैन।

विनाप्रिस्क्रिप्सन एन्टिबायोटिक बेच्न र किन्न पाइँदैन। किन्ने मान्छेको ठेगाना लेखेर प्रिस्क्रिप्सन लेख्ने चिकित्सकको नेपाल मेडिकल काउन्सिलको नम्बरसमेत रेकर्ड राखेर बिक्री गरिन्छ। यसको जथाभावी प्रयोग रोकिएको छ। यसैगरी, सरकारले एन्टिबायोटिकको जथाभावी प्रयोग रोक्न बनाइरहेको नीति नियम कडाइका साथ पालना गरे रोक्न सक्छ। तर यसमा राज्यको इच्छाशक्ति चाहिन्छ। चिकित्सकले लेख्ने प्रिस्क्रिप्सनको पनि अडिट गर्ने व्यवस्था गर्नुपर्छ। कुन रोगको उपचारमा के औषधि सिफारिश गऱ्यो ? जथाभावी एन्टिबायोटिक त लेखेन ? भन्ने विषयमा प्रिस्क्रिप्सन अडिट गर्ने प्रचलन चलाउनुपर्छ। जथाभावी लेख्नेलाई कारबाई गर्नुपर्छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय मातहतको उपचारात्मक महाशाखाले स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत प्रयोग गरिने औषधि प्रिस्क्रिप्सनको अडिट गर्ने काम अगाडि बढाएको छ। अरू रोगको उपचारमा पनि प्रिस्क्रिप्सन अडिट हुने व्यवस्था गर्नुपर्छ। यसले जथाभावी एन्टिबायोटिक सिफारिश गर्ने चलनमाथि पनि अङ्कुश लाग्न सक्छ। हरेक चिकित्सक आफ्नो पेशाप्रति, समाजप्रति र जनस्वास्थ्यमाथि सबै जिम्मेवार हुनुपर्छ। एन्टिबायोटिक सिफारिश गर्ने चिकित्सक, बेच्ने फार्मेसी र किन्ने उपभोक्ता तीनै पक्षलाई जिम्मेवार नबनाएसम्म एन्टिबायोटिकको जथाभावी प्रयोग रोक्न सकिंदैन। यसमा सबैको ध्यान जानु आवश्यक छ।

केही दिन पहिले औषधि व्यवस्था विभागले १०३ प्रकारका एन्टिबायोटिकको प्रयोग नगर्न उपभोक्ता र सरोकारवालालाई अनुरोध गरेको थियो। विभागले एन्टिबायोटिकको प्रयोगलाई न्यूनीकरण र नियन्त्रण गर्न प्रतिबन्ध लगाएको जनाएको थियो। एन्टिबायोटिकको जथाभावी प्रयोगलाई रोक्ने अभिप्रायले नेपाल चिकित्सक सङ्घले विभिन्न नीतिगत तहमा पैरवी गर्ने गरेको थियो। विश्व स्वास्थ्य सङ्गठनले सन् २०५० सम्म यही तरीकाले एन्टिबायोटिकको गलत प्रयोग भएको अवस्थामा भविष्यमा एन्टिबायोटिकले सही तरीकाले काम गर्न सक्दैन भन्ने अनुमान गरेको छ। एन्टिबायोटिकको सही सदुपयोग गर्नुपर्छ भनेर विश्व स्वास्थ्य सङ्गठनलगायत स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरूले बारम्बार यस विषयलाई उठाइरहेका छन्। (लेखक स्वास्थ्य क्षेत्रमा कलम चलाउँदै आएका पत्रकार हुन्। रासस)

# मन लगाऔं मुटु बचाऔं

विश्वमा हरेक वर्ष दुई करोड मानिसको मृत्यु मुटुरोग र सम्बन्धित आर्टरीहरूको कारणले हुने गर्छ। यो संसारको मृत्युको कारणमध्ये पहिलो हो। कुनै पनि महामारी, कुनै दुर्घटना, एड्स या कुनै अरू सरुवा रोगबाट हुने मृत्युभन्दा यो बढी हो। यो एउटा महामारीको रूपमा देखा परेको छ। यो रोगबाट बच्न र बचाउन सबैजना लागिनपर्ने हो भने कल्पना पनि गर्न नसकिने अवस्था सिर्जना हुने देखिन्छ।

हामीले मुटुरोग भन्दै गर्दा हृदयघात बुझ्नुपर्छ। यो रोग ठूलो भएपछि लाग्ने होइन, यो देखा पर्दा मानिस ठूलो भइसकेको हुन्छ। हाम्रा विभिन्न कारक तत्त्वहरूले गर्दा मुटुका आर्टरीहरूमा बिस्तारै फोहर जम्मा हुँदै जान्छ र आर्टरीको भित्री भाग साँघुरिंदै जान्छ, अनि रक्तप्रवाह कम हुँदै जान्छ र साँघुरिएको ठाउँमा रक्तस्राव भयो भने त्यहाँ रगत जम्न गई आर्टरी पूरै थुनिन सक्छ। त्यसरी थुनिएपछि रगत पुऱ्याउनुपर्ने मांसपेशीमा रगत पुऱ्याउन सक्दैन। उक्त मांसपेशीमा रगत नपुग्दा खाना नपाएर मर्छ। यो मरेको भागलाई

सन्दर्भ : विश्व मुटु दिवस



डा अवनिभूषण उपाध्याय

**यसपालिको नारा मुटु बचाउन हृदयको प्रयोग गरौं भन्ने छ। अरूलाई परेका अप्ठ्यारो, वेदनाहरूप्रति पूरा सहानुभूति, पूरा प्रेमका साथ सच्चा मनले मदत गर्नुपर्छ भनेको हो। यस कारण हाम्रो समाजमा नै मुटु कसरी जोगाउने भनेर भित्र मनैदेखि उपायहरू बताउने हो र समाजमा रहेका हरेक मुटुलाई स्वस्थ हुनको लागि बाटो देखाउने हो।**

इन्फारक्ट भनिन्छ। मायोकार्डियल इन्फारक्ट भनेको नै हृदयघात हो।

सन् १९९९ मा विश्व मुटु सङ्गठन र विश्व स्वास्थ्य सङ्घको संयुक्त प्रयासमा यो विश्व मुटु दिवस मनाउने चलन शुरू भएको हो। विश्व मुटु दिवस पहिलोपटक २७ सेप्टेम्बर २००० मा शुरू भएको हो। सन् २०११ सम्म यो दिवस हरेक सेप्टेम्बर महीनाको अन्तिम आइतवार मनाउने गरिएको थियो भने त्यसपछि सेप्टेम्बरको २९ तारिखको दिन विश्वभरि यो दिवस मनाउने गरिएको छ। यस वर्षको मुटु दिवसको नारा 'युज हार्ट फर एभ्री हार्ट' (मन लगाऔं मुटु बचाऔं) वा हरेक मुटुको लागि हृदयको प्रयोग गरौं भन्ने रहेको छ। यसको अर्थ आफ्नो मुटुको लागि हृदयको प्रयोग गरौं भन्ने हो।

यसपालिको नारा मुटु बचाउन हृदयको प्रयोग गरौं भन्ने छ। अरूलाई परेका अप्ठ्यारो, वेदनाहरूप्रति पूरा सहानुभूति, पूरा प्रेमका साथ सच्चा मनले मदत गर्नुपर्छ भनेको हो। यस कारण हाम्रो समाजमा नै मुटु कसरी जोगाउने भनेर भित्र मनैदेखि उपायहरू बताउने हो र समाजमा रहेका हरेक मुटुलाई स्वस्थ हुनको लागि बाटो देखाउने हो। यो मुटु बचाउनको लागि भौतिक स्रोत साधन मात्र होइन, आत्मीयता, अरूप्रतिको सद्भाव र प्रेम पनि आवश्यक पर्छ। आफ्नो मुटु त बचाउन परिहाल्यो तर अरूको मुटु बचाउन पनि मनैदेखि

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## प्रधानमन्त्रीको चीन भ्रमणको आर्थिक महत्त्व

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**दाहालको चीन–भ्रमणबाट नेपाललाई कुनै किसिमको आर्थिक फाइदा भएको छैन। उल्टो सरकारी ढुकुटीबाट केही रकम खर्च भएको छ। दाहालले आफ्ना आसेपासे (छोरी)सहित न्युयोर्क र चीनको भ्रमण गर्दा ठूलै सरकारी रकम खर्च भएको होला। होइन र ?**

आफ्नो देशको आर्थिक हितका लागि विदेशको भ्रमण गर्ने सोच हाम्रा नेताहरूमा रहेको पाइँदैन । दुई देशबीचको सम्बन्धलाई झनै बलियो पार्ने र भ्रमण गरिने देशमा व्यापार विस्तार गर्ने उद्देश्यलाई सर्वाधिक महत्त्व दिएर हाम्रा नेताहरूले विदेशी राष्ट्रहरूको भ्रमण गरेको पाइँदैन । नेताहरूको विदेश भ्रमणको इतिहासले यस्तै भन्छ ।

सरकारी खर्चमा देश–देशावर घुम्ने स्वार्थपूर्ण उद्देश्यका साथ हाम्रा नेताहरू विदेशतिर लागेको पाइन्छ। तर कागजमा भने सरकारी कामले, कुनै विशेष सम्मेलनमा भाग लिन विदेशतर्फ लागेको देखाउन हाम्रा नेताहरू कहिले चुक्दैनन्। अनेक बहाना खोजेर विदेश पुग्छन्, महँगो होटलमा बस्छन्, अनेक शहर अवलोकन गर्छन्, भत्ता पकाउँछन् अनि स्वदेश फर्कन्छन्। अहिले प्रधानमन्त्री पुष्पकमल दाहाल चीन पुग्नु पनि त्यस्तै हो । न आर्थिक, न राजनीतिक, कुनै उद्देश्यका साथ पनि दाहाल अहिले चीन जानु उपयुक्त थिएन ।

हाम्रा नेताहरू विदेश भ्रमणमा जाने र मुख्यगरी चीन एवं भारत जाने भित्री कारण भने नितान्त पृथक छ एवं रोचक पनि छ । खासगरी प्रधानमन्त्री पदमा आसीन भएपछि हाम्रा नेताहरू भारत भ्रमणमा जाने एउटा परम्परा नै बसेको जस्तो छ। तर उराँठलाग्दो कुरा के छ भने विगतमा जति पनि प्रमहरू नेपालबाट विदेशतिर, मुख्यगरी भारत गए, आफ्नो र आफ्नो दलको मात्र स्वार्थका लागि गए । भारतीय प्रशासनबाट आशीर्वाद लिन गए। प्रमको कुर्सीमा आफ्नो बसाइ लम्ब्याउन गए ।

२०४६–४७ सालमा नेपालमा राजनीतिक परिवर्तन भएपछि, नेपालको प्रम नियुक्त भएपछि, भारत भ्रमणमा निस्केका कृष्णप्रसाद भट्टाराई आफ्नो दल, नेपाली काङ्ग्रेसको हितका लागि भारत भ्रमणमा गएका थिए। हुनत सन्त प्रकृतिका भट्टराई आफ्नो हितको लागि भारततर्फ गएका थिएनन्, तर जे भए पनि, उनी दलको स्वार्थका खातिर त गएका थिए। नेपाली काङ्ग्रेसले आफ्नो स्वार्थका लागि भट्टराईलाई भारत भ्रमणमा पठाएको थियो, समाचारहरूमा अन्यथा भनिए पनि। २०४६–४७ सालको राजनीतिक परिवर्तनपछि नेपालमा नेताहरू आफ्नो स्वार्थको लागि विदेश भ्रमण गर्न जाने परम्परा प्रारम्भ भएको पाइन्छ ।

हाम्रा नेताहरू, मन्त्री वा प्रधानमन्त्री नियुक्त भएपछि चीन जाने परम्परा पनि उत्तिकै बलियो छ। चीन जाने कारण पनि त्यही हो। हाम्रा नेताहरू चिनियाँ नेताहरूसँग आशीर्वाद लिन चीन जाने गर्दछन् । चीनप्रति आफ्नो भक्तिभाव रहेको देखाउन जान्छन् । पर्दा बाहिर चीन जाने कारण राजनीतिक वा आर्थिक भनिए पनि पर्दा भित्रको कारण भने नेताहरूको आफ्नै स्वार्थ हुन्छ ।

स्वार्थले विदेशतिर डोऱ्याउने गरेकोले हाम्रा नेताहरूले, विदेश पुगेर पाउनुपर्ने स्वागत, सत्कार पाउन सकेको देखिंदैन। एक साधारण अतिथिको अनुभव लिएर विदेशबाट फर्कन्छन्।

आउनुहोस्, अब प्रम पुष्पकमल दाहालको अमेरिका र चीन भ्रमणाको आर्थिक महत्त्वबारे कुरा गरौं। दाहालको अमेरिका भ्रमण संयुक्त राष्ट्रसङ्घको महासभामा; जुन २०२३, सेप्टेम्बर महीनाको १८ देखि २० सम्म चलेको थियो, भाग लिन भएको थियो। विभिन्न देशका नेताहरूलाई भेटेर दाहालले व्यक्तिगत फाइदा उठाउनुबाहेक यो भ्रमणबाट नेपाललाई केही आर्थिक फाइदा गराएको कतै देखिंदैन। हुनत यो सम्मेलनमा दुई देशबीच दुई पक्षीय कुराहरू हुँदैन। तैपनि दाहाल अमेरिकाको आशीर्वाद पाउन न्युयोर्क पुगेका थिए। हामी (माओवादीहरू) अमेरिकाका सच्चा मित्र हौं, दक्षिण एशियामा रहेका अमेरिकी मित्रहरूमध्ये हामी पनि पर्छौं भन्ने कुरा दर्शाउन दाहाल न्युयोर्क पुगेका थिए।

दाहालको अमेरिका भ्रणमबारे पनि प्रश्न उठाउन सकिन्छ । के दाहाल नेपालको प्रमुख प्रशासकको रूपमा संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिन जानु उपयुक्त थियो ? थिएन । नैतिकताको आधारमा उनले भाग लिनु उपयुक्त थिएन। दलीय राजनीतिमा भएको अनेक षड्यन्त्रले गर्दा प्राविधिकरूपमा देशको प्रम हुन पुगेका दाहाल नैतिकरूपमा महासभामा जाने हैसियत राख्दैनन् । उनको दलले प्राप्त गरेको मतसङ्ख्याको हिसाबले, उनको दलले गरेको कमजोर उपस्थितिको कारण, उनको दल न सरकार निर्माण गर्ने हैसियत राख्छ, न दाहाल नैतिकताको आधारमा प्रम हुने दाबी गर्न सक्छन्। तर नेताहरूमा भएको नैतिक पतनको कारण जस्तो व्यक्ति पनि दलीय राजनीति गरेरै हाम्रो देशमा प्रधानमन्त्री बन्न सक्छ। चुनावमा उसको दलले दुई चा चार स्थानमा विजय हासिल गरे पनि।

अब प्रम दाहालको चीन भ्रमणको आर्थिक महत्त्वको कुरा गरौं। समाचारहरूमा उल्लेख भए अनुसार दाहालको चीन भ्रमणको उपलब्धिको रूपमा नेपाल र चीनबीच १२ वटा सम्झौतामा हस्ताक्षर भएको उल्लेख गरिएको छ। चीनले नेपालमा डिजिटल अर्थतन्त्रको विकास र वातावरण संरक्षणमा सहयोग पुऱ्याउने सहमति भएको समाचारमा उल्लेख छ। यसैगरी चीनले कृषि, पशुपक्षी, मत्स्य पालनमा पनि सहयोग गर्ने उल्लेख छ। यस्तै–यस्तै सामान्य कुरामा चीनले नेपाललाई सहयोग गर्ने भनी सहमति एवं सम्झौता भएको देखिन्छ । दाहालको भ्रमणको क्रममा नेपाललाई ठूलो आर्थिक फाइदा हुने कुनै पनि सम्झौता भएको पाइँदैन ।

सर्वप्रथम त पुष्पकमल दाहाललाई चीनले पत्याएकै छैन । आफ्नो खास अडान र राजनीतिक वजन नभएको दाहाललाई चीनले न पत्याउनु स्वाभाविक पनि हो। अहिले चीनले जति पनि, न्यूनतम रूपमा भए पनि, दाहाललाई आतिथ्य प्रदान गऱ्यो, त्यो नेपाल र चीनको वर्षौंको मैत्री सम्बन्धको कारणले गर्दा हो। चीनमा दाहालले जुन स्वागत पाए त्यो स्वागत उनको राजनीतिक व्यक्तित्वले गर्दा पाएको होइन । एउटा शक्तिशाली राजनीतिक दलको नेता हो भनेर पाएको पनि होइन। चीनलाई राम्ररी थाहा छ, नेपालको राजनीतिमा माओवादी दल र त्यस दलका नेता पुष्पकमल दाहालको कति र कस्तो वजन छ भन्ने कुरा।

माओवादी आन्दोनताका आफ्ना कार्यकर्ताहरूलाई भारतविरुद्ध सुरुङ युद्ध गर्न आह्वान गर्ने पुष्पकमल दाहालले भारतमैं बसेर सत्ता पक्षसँग, राजनीतिक दलहरू (एमाले, नेपाली काङ्ग्रेस, राप्रपा आदि) सँग सङ्घर्ष गरेको चीनलाई राम्ररी थाहा छ।

राजनीतिक अडान नभएको, शक्ति र सत्ताका लागि जे पनि गर्न तयार हुने र विश्वास गर्न नसकिने नेताको रूपमा आफ्नो परिचय बनाएका दाहालले ल्याउने आर्थिक महत्त्वका योजनाहरू, जसले नेपाल र नेपालीहरूलाई दीर्घकालसम्म प्रभाव पार्नेछ, चीनले सम्पन्न गरिदिने भनी चिनियाँ प्रशासनले भन्दै भन्दैन। सहमति पनि गर्दैन । सम्झौताहरू पनि गर्दैन।

प्रम दाहालको चीन भ्रमणको केही पनि आर्थिक महत्त्व छैन । उनको यो भ्रमणले नेपालले आर्थिकरूपमा केही फाइदा प्राप्त गर्ला भनी सोच्नु अर्थहीन हो।

यथार्थमा भन्ने हो भने चीनसँग कुनै पनि सहमति, सम्झौता गर्दा त्यस किसिमका सहमति, सम्झौता आदिमा सर्वपक्षीय स्वीकृति हुन आवश्यक छ। त्यस किसिमको सहमति, सम्झौतामा नेपाली काङ्ग्रेस, एमालेलगायत अन्य राजनीतिक दलहरूको पनि स्वीकृति आवश्यक हुन्छ। अर्थात् नेपालमा जुनसुकै दलको सरकार भए तापनि, वा जुनसुकै दल प्रतिपक्षी भए तापनि, अन्य देशहरूसँग विकास एवं निर्माणका लागि सम्झौता गर्दा सर्वपक्षीय तथा सर्वदलीय सहमति हुन आवश्यक छ।

अब पुनः प्रधानमन्त्री दाहालले गरेको चीन भ्रमणको आर्थिक महत्त्वकै कुरा नै गरौं।

दाहालको चीन–भ्रमणबाट नेपाललाई कुनै किसिमको आर्थिक फाइदा भएको छैन । उल्टो सरकारी ढुकुटीबाट केही रकम खर्च भएको छ। दाहालले आफ्ना आसेपासे (छोरी) सहित न्युयोर्क र चीनको भ्रमण गर्दा ठूलै सरकारी रकम खर्च भएको होला। होइन र ?

## उद्योगीलाई राज्यले कहिल्यै विश्वास गरेन

### -अध्यक्ष अग्रवाल

राधेश्याम पटेल, परवानीपुर, ११ असोज/

देशमा शिक्षक, चिकित्सक आन्दोलन गरिरहँदा व्यवसायीहरू पनि मनमनै आन्दोलनको तयारीमा छन् । राज्यले व्यवसायीको समस्या समाधान गर्ने नीतिमा सुधार नल्याए कुन बेला उनीहरू पनि आन्दोलनमा जान सक्छन् कुनै ठेगान छैन ।



वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल पटवारी अग्रवाल। तस्वीरः प्रतीक

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले हाल देशभरिका ५१ लाखभन्दा बढी व्यवसायी सडकमा आएको अभिव्यक्ति दिएका छन्। यसै सन्दर्भमा वीरगंज–पथलैया औद्योगिक करिडोरको उद्योगधन्दाको अवस्था कस्तो छ भन्ने सवालमा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिल पटवारी अग्रवालसँग सङ्क्षिप्त कुराकानी गर्दा उनले भने–"उद्योगीलाई राज्यले कहिल्यै विश्वास गरेन।" उनको यो जवाफले समस्याग्रस्त वीरगंज–पथलैया क्षेत्रको औद्योगिक करिडोरको वर्णन गर्दछ। औद्योगिक करिडरमा ५०० ठूला र १५०० साना गरी करीब दुई हजार उद्योगहरू दर्ता रहेकोमा हाल ५० प्रतिशत उद्योग बन्द हुने अवस्थामा छ भने ५० प्रतिशत घाटा सहेर पनि उत्पादन क्षमताको २५–३५ प्रतिशत क्षमतामा सञ्चालन भइरहेको छ।

वीरगंज करिडोरका १३ वटा सिमेन्ट उद्योगमध्ये सातवटा उद्योगको उत्पादन ठप्प छ भने चारवटा जेनतेन घाटामा सञ्चालन भइरहेका छन् । त्यसैगरी फलामजन्य उद्योगहरूको हविगत पनि सिमेन्ट उद्योगभन्दा राम्रो छैन। अधिकांश फलामजन्य उद्योगहरूको उत्पादन ५० प्रतिशतभन्दा कम भएको छ।

खाद्यान्न (दाल, चामल, तेल, बिस्कुट), कपडा, धागो, छाला, दाना, चप्पल, प्लास्टिक, अल्मुनियम, कार्पेट, जूस, चुरोटलगायत उद्योगहरूको उत्पादन कम भएको बताइएको छ।

करीब दुई वर्षदेखि यस्तो अवस्था सिर्जना भएको वीउवासङ्घका अध्यक्ष अग्रवाल बताउँछन्। जबदेखि नेपाल राष्ट्र बैंकले चालू पूँजी कर्जा जारी गरेर व्यवसायीलाई कडाइ गर्न खोज्यो त्यसपछि नेपालकै उद्योगधन्दा चौपट हुने अवस्थामा पुगेको उनको भनाइ छ। वीरगंजको मीनाबजारको पत्ता–गिलास बेच्ने पसलहरूले विश्वकर्मा पूजाको दिन एकजनाले डेढ लाखको कारोबार गरेका थिए भने अहिले ७० हजार पनि व्यापार नभएको व्यवसायीहरूको गुनासो आएको उनले बताए।

नेपाल सरकारले नेपालमा वैदेशिक लगानी भित्र्याउन विभिन्न उद्योगमैत्री नीति बनाएको घोषणा गरे पनि नेपालमा भएका उद्योगधन्दा कसरी संरक्षण गर्ने भन्ने विषयमा सरकारको प्रभावकारी नीति नआएकोले यस्तो अवस्था आएको उनको भनाइ छ। केही महीना पहिले १३ प्रतिशत ब्याजदरमा ऋण पाइरहेको अवस्थामा फेरि बैंकको ब्याज १६ प्रतिशत बढिसकेको र प्रिमियम शुल्कमा पनि बैंकहरूको मनपरीले गर्दा व्यवसायी झन् समस्यामा परेका हुँदा कतिपय व्यवसायीसँग बैंकको किस्ता तिर्न पनि समस्या भइरहेको उनले बताए।

यसरी उल्टो गतिमा गइरहेको नेपालको अर्थतन्त्रले भोलि सहकारीहरूजस्तै बैंकको ऋण र किस्ता व्यवसायीले तिर्न नसक्ने अवस्था आयो भने बैंक डुब्ने अवस्था पनि सिर्जना हुन सक्ने उनले सम्भावना प्रस्तुत गरे। त्यसपछि व्यवसाय र व्यवसायी नेपालबाट पलायन हुने अवस्था बन्न सक्ने उनको भनाइ छ।

नेपाल सरकारले संस्थागत कम्पनीहरूको निक्षेपमा १२ प्रतिशतसम्म मुद्दति बचतमा ब्याज दिइरहेको छ। जबकि निक्षेपमा ब्याज कम गर्दा चार पाँच प्रतिशतको बेसरेटमा कर्जाको ब्याजदर निर्धारण गरिए एकल अङ्कमा ब्याज झर्ने र यसले व्यवसायीलाई फाइदा हुने उनले बताए। त्यसैगरी, नेपालका उद्योगहरू भारत तथा विदेशबाट आयातित कच्चा पदार्थमा निर्भर रहेकाले आयातमा भन्सार राजस्वको दरमा पनि संशोधन हुनुपर्ने उनको भनाइ छ। साफ्टाको नियम अनुसार सार्क मुलुकमा आयातमा पाँच प्रतिशतभन्दा बढी भन्सार महसूल लिन नपाइने सम्झौता रहे तापनि पछिल्लो समय राजस्व बढी उठाउने उद्देश्यले भन्सारमा एचएस कोड परिवर्तन गरी १५ प्रतिशत कर लिनुपर्ने ठाउँमा भन्सार कर्मचारीहरूले ५० प्रतिशत राजस्व उठाइरहेकोले वैधरूपमा आयात गर्ने वस्तु ग्रे च्यानल (तस्करी)बाट भइरहेको उनले स्पष्ट पारे।

"वीरगंजका दुवै भन्सारले राजस्व लक्ष्य उठाउन सकेको छैन। देशको सम्पूर्ण भन्सारले लक्ष्यको ६० प्रतिशत हाराहारीमा मात्र भन्सार राजस्व उठाइरहेका छन्। यसको मतलब व्यवसायीहरू भन्सार नाकाबाट मालसामान मगाउनुभन्दा अवैध बाटो रोजिरहेका छन्। यसमा पनि सरकारको दोष छ। वैश्विक मन्दिको शिकार भइरहेका व्यवसायीहरूले वैध बाटोबाट व्यापार गर्ने वातावरण निर्माण गर्ने नीति सरकारले बनाउनुपर्छ। नत्र देशको अर्थतन्त्र बर्बाद हुन्छ"– उनले भने।

त्यसैगरी पछिल्लो समय सरकारी विभिन्न निकायहरूको अनुगमनको नाममा व्यवसायीहरूलाई त्रसित बनाउने गतिविधिले पनि व्यवसायीको मनोबल खस्केको उनले बताए। कहिले आन्तरिक राजस्व कार्यालय, कहिले राजस्व अनुसन्धान कार्यालय पथलैया, कहिले राजस्व अनुसन्धान विभाग काठमाडौं, घरेलु, वाणिज्य, जिप्रकालगायत निकायको अनुगमन अहिलेको दिनमा ह्वात्तै बढेको छ। यसले गर्दा पनि व्यवसायीहरू त्रसित छन्।

वीरगंज करिडोरको अर्को समस्या भनेको वीरगंज आसपासमा कोठा भाडामा लिएर पसल सञ्चालन गर्ने व्यवसायीहरू पनि सम्पर्कविहीन हुन थालेका छन्। वीरगंज बजारको मुख्य सडकभन्दा भित्री गली र मलभित्रका सटरहरू खाली गर्न घरधनीहरूले पसलेहरूलाई फोन गर्दा सम्पर्कविहीन हुने गरेको र कुनै कुनै व्यवसायीको बोहनीसमेत नहुँदा उनीहरू लुकेर बस्नुपर्ने अवस्था आएको उनले बताए।

## विद्युत् उत्पादन अनुमतिपत्रका लागि जगदुल्लाले अगाडि बढायो प्रक्रिया

काठमाडौं, ११ असोज/रासस

'जनताको जलविद्युत्' कार्यक्रममा समावेश जगदुल्ला अर्धजलाशयुक्त आयोजनाले भौतिक निर्माणका लागि आवश्यक पूर्वतयारी शुरू गरेको छ। आगामी छ महीनाभित्र भौतिक निर्माणमा जाने तयारीका साथ हाल पूर्वतयारीको काम शुरू गरिएको सो आयोजनाले जनाएको छ।

कर्णाली प्रदेशको डोल्पा जिल्लामा अवस्थित सो आयोजनाको कुल क्षमता १०६ मेगावाट छ। स्थानीय जगदुल्ला र मुड्केचुला गाउँपालिकामा अवस्थित सो आयोजनाको प्रवर्द्धक कम्पनी जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडले विद्युत् उत्पादन अनुमतिपत्रका लागि बिहीवार सार्वजनिक सूचनामार्फत जानकारी गराएको छ।

जगदुल्ला हाइड्रोपावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटाले केही दिन पहिले ऊर्जा, जलस्रोत तथा सिंचाइमन्त्री शक्तिबहादुर बस्नेतलाई समग्र आयोजनाको अवस्थाबारेमा जानकारी गराउँदै छ महीनाभित्र निर्माणमा लैजाने तयारी गरिएको जानकारी गराएका थिए।

उनले हाल आयोजनाका लागि वित्तीय व्यवस्थापनको काम भइरहेको र अन्य प्राविधिक तयारीसमेत अन्तिम चरणमा रहेको उनको भनाइ थियो। कर्णाली प्रदेशमा निर्माण हुन लागेको सो आयोजनाले समग्र प्रदेशलाई उज्यालो बनाउने लक्ष्य राखिएको छ। आयोजनास्थल पुग्नका लागि पहुँचमार्ग निर्माण तथा अन्य पूर्वतयारीको काम अन्तिम चरणमा छ। आयोजनाबाट वार्षिकरूपमा ६२३ दशमलव ४७ गिगावाट घण्टा बराबरको विद्युतीय ऊर्जा उत्पादन हुनेछ।

आयोजना अर्धजलाशय प्रकृतिको हो। यसको डिजाइन बहाव १६ दशमलव सात घनमिटर प्रतिसेकेन्ड छ। यस्तै, कुल ग्रस हेड ७८९ दशमलव ६० रहेको छ। आयोजनाको मुख्य संरचना जगदुल्ला नदीको बायाँ किनारामा छ। पानी फर्काउनका लागि निर्माण हुने बाँधको लम्बाइ ९३ मिटर बराबर निर्माण गरिनेछ। 'कङ्क्रिट ग्राभिटी टाइप'को बाँध निर्माण हुने र समुद्री सतहबाट दुई हजार ६९६ मिटरमा रहनेछ।

आयोजनाबाट उत्पादित बिजुली १३२ केभी क्षमताको ५० किलोमिटर लामो प्रसारण लाइनमार्फत नेपाल विद्युत् प्राधिकरणले निर्माण गर्ने बाफिकोट सबस्टेशनमा जोडिनेछ। सो आयोजनामा सरकारी स्वामित्वको हाइड्रोइलेक्ट्रिसिटी इन्भेस्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेड (एचआइडिसिएल)ले रु चार अर्ब बराबरको लगानी गर्ने भएको छ।

गत भदौ ९ गते एचआइडिसिएल र प्रवर्द्धक कम्पनीका बीच ऋण स्वीकृत पत्र आदानप्रदान भएको थियो। ऊर्जा मन्त्रालयका सहसचिव सन्दीपकुमार देव र एचआइडिसिएलका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अर्जुनकुमार गौतमले ऋण स्वीकृत पत्र प्रदान गरेका थिए।

सो आयोजना निर्माणका लागि करीब रु २३ अर्ब लाग्ने अनुमान छ। सबै खालका अध्ययन सकिएको यो आयोजनाको वित्तीय व्यवस्थापनको अन्तिम तयारी भइरहेको कम्पनीका प्रमुख कार्यकारी अधिकृत सापकोटाले जानकारी दिए। आयोजनामा नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड, नबिल बैंकलगायतले लगानी गर्ने तयारी गरिएको छ। आयोजनाका लागि कर्णाली प्रदेश सरकारले पहिलो चरणमा ११ लाख ७१ हजार पाँच कित्ता शेयरको रु ११ करोड ७१ लाख ५० हजार उपलब्ध गराइसकेको छ। त्यस्तै, दोस्रो चरणमा रु छ करोड चालू आवमा नै भुक्तानी गरिसकेको छ। आयोजनाको कुल लगानीको पाँच प्रतिशत शेयर कर्णाली प्रदेश सरकारले उपलब्ध गराउने छ।

विद्युत् खरीद–बिक्री सम्झौतामा तोकिएको तालिका अनुसार २०८६ असारभित्र आयोजना सम्पन्न गरी विद्युत् उत्पादन हुनेछ। आयोजना सम्पन्न गर्न कुल लागतको ७० प्रतिशतले हुन आउने रु १६ अर्ब ९२ करोड बैंक तथा वित्तीय संस्थाबाट ऋण जुटाइनेछ। ऋणबाहेकको

(बाँकी चौथो पातामा)

# आर्थिक विकासको बाधक वैदेशिक व्यापार घाटा

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**वैदेशिक व्यापार प्रवर्द्धनका लागि स्वदेशी उत्पादनको आन्तरिक उपयोग बढाएर आर्थिक क्रियाकलाप बढ्ने, उत्पादकहरू प्रोत्साहित हुने, बजार फराकिलो भई उद्योगीले गुणात्मक र परिमाणात्मक उत्पादन गर्न सक्ने अवस्था सिर्जना भई थप अवसरसमेत विस्तार हुँदै जानेछ ।**

व्यापार वृद्धिका लागि नेपालले साफ्टा, बिमस्टेक र अन्तर्राष्ट्रिय व्यापार सङ्घजस्ता अन्तर्राष्ट्रिय, क्षेत्रीय, उपक्षेत्रीय तथा बहुपक्षीय संस्थाहरूको सदस्यता प्राप्त गरे पनि वैदेशिक व्यापारले अपेक्षित सफलता प्राप्त गर्न सकेन । नेपालको वैदेशिक व्यापार प्रत्येक वर्ष बढ्नुको सट्टा खस्कँदै गएको छ । विगत एक दशकको लामो र अथक प्रयासका बाबजूद निकासी व्यापारको आकार, गति र संरचना दिगो विकासको रूपमा देखा पर्न सकेको छैन । अन्तर्राष्ट्रिय अर्थ व्यवस्थामा तीव्र हुँदै गएको उदारीकरण, भूमण्डलीकरण र निजीकरणको बढ्दो माग एवं चुनौती आत्मसात् गर्नुपर्ने आवश्यकता एकातिर छ भने उपक्षेत्रीय, क्षेत्रीय र बहुपक्षीय आर्थिक तथा व्यापार विकासको अवधारणाप्रति नेपालको बढ्दो प्रतिबद्धतालाई आर्थिक विकासको एउटा सशक्त र प्रभावकारी माध्यम बनाउनु उत्तिकै आवश्यक छ । यस परिप्रेक्ष्यमा निकासी व्यापारमा देखिएका विद्यमान कमी-कमजोरी पहिल्याई अग्रगामी, परिणाममुखी एवं व्यावहारिक कदम चाल्नुपर्ने देखिन्छ ।

नेपालको वैदेशिक व्यापार सन् १९५० को दशकमा दुई छिमेकी मुलुक भारत र चीन (तिब्बत)सँग रहेको थियो । सन् २००४ मा नेपाल विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्र भइसकेको अवस्थामा पनि अपेक्षाकृत व्यापार फाइदा लिन नसकेको देखिन्छ । व्यापार उदारीकरणको नीतिले कम उत्पादन लागतबाट उत्पादित सस्ता सामानहरूले बजार लिन थालेपछि स्वदेशी उत्पादनले प्रतिस्पर्धा गर्न सकेनन् । फलस्वरूप स्वदेशी उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि हुनुको सट्टा झन् कमजोर हुन थाल्यो र अन्ततः स्वदेशी उद्योगहरू प्रतिस्पर्धा गर्न नसकेर धराशायी हुन थाले । निकासी उद्योगलाई उत्पादनमूलक उद्योगसँग आबद्ध गर्न नसक्दा उद्योगहरूबीच स्वस्थ र सशक्त सम्बन्ध कायम हुन सकेन । हुनत राज्यले निर्यात प्रवर्द्धनका लागि नयाँ र आधुनिक नीति नल्याएको होइन, तर जस्तोसुकै नयाँ र आधुनिक निर्यात प्रवर्द्धक नीति र कार्यक्रम तर्जुमा गरिए पनि त्यो दिगो रूपमा निकासी प्रवर्द्धन गर्ने सोच, शैली, नीति तथा कार्यक्रम बन्न सकेको छैन । फलस्वरूप नेपाली वस्तुले तुलनात्मक रूपमा प्रतिस्पर्धात्मक क्षमता विकसित गर्न सकेको छैन ।

निकासी व्यापारको दिगो विकासबाट उपयुक्त एवं नयाँ प्रविधि उपलब्ध हुने, गार्हस्थ्य उत्पादनमा विशिष्टीकरण, उत्पादनमा गुणात्मक एवं परिणात्मक वृद्धि, रोजगार र आयआर्जनमा वृद्धि हुने भई आर्थिक विकासको गतिमा तीव्रता आउने हुँदा वैदेशिक व्यापारलाई आर्थिक विकासको एउटा सशक्त माध्यमको रूपमा विश्वले लिने गरेको छ । नेपालको सन्दर्भमा हेर्ने हो भने सीमित आन्तरिक बजारले गर्दा वैदेशिक व्यापारको विकास एवं विस्तारबाट गरीबी निवारणमा ठूलो योगदान हुन जाने र आर्थिक विकासले अपेक्षित गति लिन सक्ने हुँदा आर्थिक विकासको मेरूदण्डको रूपमा वैदेशिक व्यापार परिचालन गर्न आवश्यक देखिन्छ । हुनत नेपालको व्यापारलाई अन्तर्राष्ट्रिय वृत्तमा पुऱ्याउन सरकारले समय समयमा विभिन्न नीति तथा कार्यक्रम नल्याएको होइन, तर त्यसबाट अर्थतन्त्र बलियो बन्ने गरिएको अनुमान अपेक्षितरूपमा सफल हुन सकेको छैन । आर्थिक वर्ष २०७८/०७९ मा नेपालको कुल वैदेशिक व्यापार २१ खर्ब २० अर्ब ४७ करोड रूपियाँ रहेकोमा आव. २०७९/८० मा १७ खर्ब ६८ अर्ब ८७ करोड मात्र रहेको तथ्याङ्क छ । आयातमा सबैभन्दा ठूलो हिस्सा इन्धनजन्य पदार्थको छ । भन्सार विभागका अनुसार आर्थिक वर्ष २०७९/०८० मा दुई खर्ब ८१ अर्ब ७३ करोड रूपियाँको इन्धनजन्य पदार्थ आयात भएकोमा आव २०७८/०७९ मा तीन खर्ब ८ अर्बको इन्धन आयात भएको थियो । यसरी आव २०७८/०७९ को तुलनामा आव. २०७९/०८० मा इन्धनको आयात १३ प्रतिशतले घटेको देखिन्छ । कुल आयातमा इन्धन पदार्थको हिस्सा १७.४७ प्रतिशत रहेको छ ।

त्यस्तै आव २०७९/०८० मा २० अर्ब ५० करोड रूपियाँको पाम तेल भारत निकासी भएको देखिन्छ । कुल निकासीमा पाम तेलको हिस्सा १३.०४ प्रतिशत रहेको छ । नेपालबाट आव. २०७९/८० मा बढी निकासी हुनेमा फलाम र फलामे वस्तु, भटमासको तेल, अलैंची, जुट, तयारी पोशाक, जुस, उलन फेल्ट रहेका छन् । आर्थिक वर्ष २०७८/०७९ मा दुई खर्ब रूपियाँको निर्यात व्यापार भएकोमा आर्थिक वर्ष २०७९/०८० मा सो व्यापार एक खर्ब ५७ अर्ब १४ करोडमा सीमित हुन पुगेको तथ्याङ्क छ । प्राप्त तथ्याङ्क अनुसार कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा आर्थिक वर्ष २०७८/७९ मा ९.४३ प्रतिशत रहेकोमा आव २०७९/०८० मा ८.८८ प्रतिशतमा सीमित भएको छ । यसरी आव. २०७८/०७९ को तुलनामा निर्यात व्यापारमा २१ प्रतिशतले कमी आउनु चिन्ताको विषय हो । यसैगरी आव २०७८/०७९ को तुलनामा आव. २०७९/०८० मा सनफ्लावर आयातमा भारतले भन्सार दर घटाउँदा निर्यातमा आएको कमीले आयात-निर्यात प्रभावित भएको थियो । आव २०७९/०८० को शुरूदेखि सरकारले आयातमा कडाइ गर्दा १६ खर्ब ११ अर्ब ७३ करोड रूपियाँको वस्तु आयात हुँदा आव. २०७८/०७९ मा १९ खर्ब २० अर्ब ४४ करोडको वस्तु आयात भएको छ । नेपाललाई छिमेकी मुलुक भारतसँगको नौ खर्ब र चीनसँगको सवा दुई खर्ब रूपियाँ व्यापार घाटा भएको छ । आव २०७९/०८० मा भारतबाट १० खर्ब २७ अर्ब ८४ करोड रूपियाँको आयात गर्दा एक खर्ब सात अर्ब ६८ करोड रूपियाँको वस्तु मात्र निर्यात भएको छ । यस्तै आव २०७८/०७९ मा भारतसँग १० खर्ब ४४ अर्ब ९३ करोड रूपियाँ व्यापार घाटा थियो भने चीनसँग दुई खर्ब ६३ अर्ब ९७ करोड थियो । आगामी वर्ष वैदेशिक व्यापार सुधार्न लजिस्टिक कर घटाउने, स्वदेशमैं उत्पादन हुने अवस्था बनाउने तथा आन्तरिक वितरण व्यवस्थामा सुधार गर्नुपर्ने चुनौती सरकारसँग छ ।

निर्यातको तुलनामा आयात अत्यधिक बढी हुँदा नेपालले व्यापार घाटाको सामना गर्नुपरेको हो । नेपालको व्यापारको कुल हिस्सामा निर्यातको अंश अत्यन्त न्यून छ । यहाँबाट निर्यात भएका वस्तुमा धागो, ऊनी गलैंचा, जुट उत्पादन, तयारी पोशाक, जुस, उलन फेल्टका उत्पादन, चिया, कुकुरको आहार, पश्मिना सल, कपडा, चाउचाउ, रोजिन र टर्पेनटाइन, जडीबुटी, नेपाली हातेकागज, अदुवा र जुत्ता-चप्पल आदि छन् । मुलुकमैं प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भए पनि सरकारले त्यतातिर ध्यान दिन सकेको छैन । स्वदेशी उत्पादनलाई अनुदान दिएर आयात प्रतिस्थापन गर्नुपर्ने आवश्यकता छ । यसैगरी, जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापन गर्दै स्वदेशी पहिचान बढाउने उद्योगलाई विशेष अनुदान दिने नीति अङ्गाल्नु पनि जरूरी छ । सरकारले निर्यातजन्य वस्तु उत्पादनतर्फ जोड दिई निर्यातमा आधारित वृद्धिमार्फत विकास गर्ने रणनीति अनुसरण गरेको छ । तर पनि उच्च व्यापार घाटा, निर्यातको सानो आधार र न्यून वृद्धिदरका कारण निर्यातमा आधारित आर्थिक वृद्धि तत्कालका लागि कमजोर रहेको देखिन्छ ।

आर्थिक वर्ष २०६७/०६८ देखि २०८०/०८१ सम्मको तेह्रौं, चौधौं र पन्ध्रौं, त्रिवर्षीय र पञ्चवर्षीय योजनाले वस्तु निकासीलाई योजना अवधिको अन्तिम वर्षमा लक्षित रकम मूल्यका विन्दुमा पुऱ्याउने अपेक्षित प्रतिफल आशा गरिए जति हुन सकेको छैन । ती योजनाको अन्तिम समयसम्म व्यापार घाटालाई कुल गार्हस्थ्य उत्पादनको निश्चित प्रतिशतबाट लक्षित प्रतिशतमा झार्ने र आयात-निर्यातको अनुपात बढ्न नदिने भनिएको थियो । तर ती प्रतिफल पूरा गर्न वाणिज्य क्षेत्रको पृष्ठभूमिका आधारमा उद्देश्य, रणनीति र कार्यनीति नै बनाउनुपर्ने देखिन्छ । वास्तवमा मुलुकमैं प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भए पनि राज्यले त्यतातिर ध्यान दिन सकेको छैन । स्वदेशी उत्पादनलाई अनुदान दिएर आयात प्रतिस्थापन गर्नुपर्ने अहिलेको आवश्यकता हो । त्यस्तै, जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापन गर्दै स्वदेशी पहिचान बढाउने उद्योगलाई विशेष अनुदान दिने नीति बनाउनु पनि त्यत्तिकै आवश्यक छ । हुनत व्यापार घाटा न्यूनीकरणका लागि सरकारले वाणिज्य नीतिमार्फत खुला र स्वतन्त्र व्यापारमा निजी क्षेत्रको भूमिकालाई विशेष महत्त्व दिएर विदेशी मुद्रा नीति, वैदेशिक सहायता नीति र प्रत्यक्ष वैदेशिक लगानीका नीति खुकुलो बनाउनुका साथै भन्सार महसूल फिर्ता प्रक्रियालाई सरल र सहज पार्ने काम गरिएको छ । त्यस्तै पूर्वाधार विकासतर्फ पनि सुख्खा बन्दरगाहको निर्माण, वैकल्पिक पारवाहन मार्गको अध्ययन र खोजी तथा भारतसँग रेल्वे सम्झौताजस्ता महत्त्वपूर्ण काम भएका छन् । व्यापार सहजीकरणकै क्रममा मुख्य निकासीजन्य वस्तु प्रवर्द्धनसम्बन्धी समितिहरू बनाइएको छ भने निकासी प्रवर्द्धन कोषको स्थापना समेत गरिएको छ । तर पनि निकासी व्यापारमा अपेक्षित वृद्धि हुन सकेको छैन ।

अन्त्यमा वैदेशिक व्यापारको विकासबाट नै विकासोन्मुख राष्ट्रले आर्थिक विकासको उच्च वृद्धिदर हासिल गर्न सक्छ भने यथार्थ अब सबैले बुझिसकेका छन् । वैदेशिक व्यापार प्रवर्द्धनका लागि स्वदेशी उत्पादनको आन्तरिक उपयोग बढाइएको खण्डमा नेपालको आर्थिक क्रियाकलाप बढ्ने, उत्पादकहरू प्रोत्साहित हुने, बजार फराकिलो भई उद्योगीले गुणात्मक र परिमाणात्मक उत्पादन गर्न सक्ने अवस्था सिर्जना भई थप अवसरसमेत विस्तार हुँदै जानेछ । त्यसैले मुलुकको आर्थिक विकास र समृद्धिका लागि निकासी व्यापारमा देखिएका विद्यमान कमी-कमजोरी पहिल्याई अग्रगामी, परिणाममुखी एवं व्यावहारिक कदम तथा स्पष्ट मार्गचित्र लिई अघि बढ्नुपर्ने आजको आवश्यकता हो । यसतर्फ सरकार संवेदनशील हुनै पर्दछ ।



**प्रकृतिको सुन्दरता:** चाडपर्व नजीकिँदै गर्दा घरआँगनमा फूल यसरी नै निस्फिक्री फुल्ने गर्छ । जसले सम्बन्ध, सद्भाव, मैत्रीभावको सङ्केत गर्छ ।
शब्दचित्र: जीतलाल श्रेष्ठ

## प्रहरीद्वारा चार ट्रकसहित सामान नियन्त्रण



तस्वीर सौजन्य: जिप्रका, पर्सा

प्रस, वीरगंज, ११ असोज/

जिल्ला प्रहरी कार्यालय, बाराले एक करोड ३० लाख मूल्य बराबरको अवैध सामान बोकेका चारवटा ट्रकलाई बिहीवार बिहान नियन्त्रणमा लिएको जनाएको छ ।

बारा प्रहरीले वीरगंजबाट काठमाडौं र रूपन्देही गइरहेका चारवटा ट्रकलाई चेकजाँच गर्ने क्रममा बिलबीजकभन्दा बढी र स्रोत खुलाउन नसकेका अवैध सामानसहित नियन्त्रणमा लिएको जिप्रका, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी गराएका छन् ।

वीरगंजबाट काठमाडौं जाँदै गरेको ना.६ख ७१ नम्बरको ट्रकमा ३५ लाख २७ हजार, बा.४ख ११२५ नम्बरको ट्रकमा ३६ लाख ६२ हजार, रूपन्देही जाँदै गरेको ना.४ख ९०९१ नम्बरको ट्रकमा २४ लाख ९९ हजार र ना.६ख ३०२४ नम्बरको ट्रकमा ३४ लाख ९५ हजार मूल्य बराबरको सामान लोड रहेको र प्रहरीले अनुसन्धानको क्रममा बिलबीजकभन्दा बढी सामान भेटिएपछि नियन्त्रणमा लिएको प्रवक्ता न्यौपानेले जानकारी गराए ।

## हेटौंडा सिमेन्ट उद्योगबाट आजदेखि पुनः उत्पादन शुरू

मकवानपुर, ११ असोज/रासस

करीब दुई हप्ताअघि बन्द भएको हेटौंडा सिमेन्ट उद्योगले बिहीवारदेखि पुनः उत्पादन शुरू गरेको छ । आगो बाल्ने भट्टीका केही उपकरण बिग्रिएर सिमेन्ट उत्पादन बन्द गर्नुपरेको उक्त उद्योगले जनाएको छ ।

बिग्रिएका उपकरण मर्मतसम्भार र थप उपकरण जडान गरिएपछि उत्पादन शुरू गरिएको उद्योगका नायब महाप्रबन्धक नवीनकुमार कर्णले बताए ।

हेटौंडास्थित नेपाल विद्युत् प्राधिकरणले दिँदै आएको विद्युत् आपूर्ति करीब आधा घण्टा अवरुद्ध हुँदा उत्पादन कार्यलाई नियमित राख्न कठिनाइ भएको उनले जानकारी दिए । उक्त उद्योगमा विद्युत् आपूर्तिको लागि छुट्टै फिडर जडान गरिए पनि आपूर्ति पटकपटक अवरुद्ध हुँदा उत्पादन कार्यमा निकै समस्या भोग्नुपरेकाले प्राधिकरणसँग नियमित विद्युत् आपूर्ति गर्न पत्राचार भइरहेको पनि महाप्रबन्धक कर्णले बताए ।

नेपाल सरकारको स्वामित्वमा रहेको सो उद्योग करीब चार दशक पुरानो हुँदै जाँदा सबै उपकरण पनि जीर्ण हुँदै गएकाले उत्पादन क्षमतामा कमी आएको उल्लेख गरिएको छ । साबिक क्षमता अनुसार दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन गर्ने लक्ष्य भएपनि अहिले दैनिक १० हजार बोरा मात्रै सिमेन्ट उत्पादन भइरहेको उद्योग व्यवस्थापनले जनाएको छ ।

तत्कालीन श्री ५ को सरकारले विसं २०३३ मा हेटौंडामा स्थापना गरेको उक्त




तस्वीरः फाइल

उद्योगले २०४३ मङ्सिर २६ गतेदेखि व्यावसायिक उत्पादन गर्दै आएको थियो ।

रु एक अर्ब ५० करोडको लगानीमा स्थापना गरिएको सो उद्योगले अहिले विभिन्न शहरमा दैनिक चार हजारदेखि पाँच हजार बोरासम्म मात्र सिमेन्ट बिक्री वितरण भइरहेकाले पर्याप्त सिमेन्ट बिक्री वितरण हुन नसक्दा निकै आर्थिक भार बेहोर्नुपरेको उद्योगका महाप्रबन्धक वसन्तराज पाण्डेले बताए ।

### विद्युत् उत्पादन...

३० प्रतिशत रु सात अर्ब २५ करोड स्वपूँजी लगानी जुटाउने तयारी गरिएको छ । सोही कम्पनीले नै ८२ दशमलव तीन मेगावाट क्षमताको जगदुल्ला 'ए' आयोजना पनि निर्माण गर्ने तयारी गरेको छ ।

आयोजनाको प्रवर्द्धक कम्पनीमा विद्युत् उत्पादन कम्पनीको २६ प्रतिशत, हाइड्रोइलेक्ट्रिसिटी एन्ड डेभलपमेन्ट कम्पनीको १० प्रतिशत, नेपाल विद्युत् प्राधिकरणको नौ प्रतिशत बराबरको शेयर स्वामित्व छ । यस्तै, कर्णाली प्रदेश सरकारको पाँच प्रतिशत र प्रभावित क्षेत्रका दुई पालिका मुड्केचुला र जगदुल्लाको एक प्रतिशत शेयर स्वामित्व छ । बाँकी रहने ४९ प्रतिशत शेयर सर्वसाधारणका लागि बिक्री गरिनेछ । हाल पहुँचमार्ग निर्माणको काम जारी छ । आयोजनाको विस्तृत इन्जिनीयररिङ अध्ययन सम्पन्न भइसकेको छ । आयोजनाका लागि २६० रोपनी जग्गा तथा १४ वटा घरटहराको अधिग्रहण भइसकेको छ ।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## चीन र इयू साझेदार हुन्, प्रतिद्वन्द्वी होइनन् -चिनियाँ विदेशमन्त्री

बेइजिङ, ११ असोज/सिन्ह्वा

चीनका विदेशमन्त्री वाङ यीले चीन र युरापेली सङ्घ (इयू) प्रतिद्वन्द्वी नभई साझेदार भएको बताएका छन् ।


चीनका विदेशमन्त्री वाङ यी । तस्वीरः सिन्ह्वा

हङ्गेरीका विदेशमन्त्री पिटर सिजार्तोसँग टेलिफोनमा कुरा गर्दै उनले 'बेल्ट एन्ड रोड' सहयोगका लागि चीनसँग अन्तरसरकारी सहयोग दस्तावेजमा हस्ताक्षर गर्ने हङ्गेरी पहिलो युरोपेली देश भएको बताए ।

चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको राजनीतिक विभागका सदस्यसमेत रहेका वाङले चिनियाँ राष्ट्रपति सी जिनपिङ र हङ्गेरीका प्रधानमन्त्री भिक्टर ओर्बानको रणनीतिक मार्गदर्शनमा चीन र हङ्गेरीबीचको 'बेल्ट एन्ड रोड' सहकार्यले फलदायी परिणाम दिएको र नयाँ प्रकारको अन्तर्राष्ट्रिय सम्बन्धका लागि राम्रो उदाहरण प्रस्तुत गरेको बताए ।

"अन्तर्राष्ट्रिय सहयोगका लागि तेस्रो बेल्ट एन्ड रोड फोरममा हङ्गेरीको उपस्थितिलाई चीनले स्वागत गर्छ," वाङले भने, "चीन हङ्गेरीसँग पारस्परिक विश्वास र मित्रता बढाउन र चीन–हङ्गेरी सम्बन्धको विकासका लागि नयाँ रणनीतिक योजनाहरू बनाउन र नयाँ र बलियो गति प्रदान गर्न यस अवसरको उपयोग गर्न तयार छ ।"

उक्त अवसरमा चीन–हङ्गेरी–सर्बिया रेलमार्गको सफल निर्माण सुनिश्चित गर्न र संयुक्तरूपमा चीन–हङ्गेरी व्यावहारिक सहयोगको सफल नमूना निर्माण गर्न हङ्गेरीसँग काम गर्न तयार रहेको वाङले बताए ।

चिनियाँ विद्युतीय सवारीसाधनहरूमा इयूको अनुदानविरोधी अनुसन्धानले अन्तर्राष्ट्रिय व्यापारको आधारभूत नियमहरूको उल्लङ्घन गर्छ, जसले सम्भवतः विश्वव्यापी यातायात उत्पादनका औद्योगिक र आपूर्ति शृङ्खलालाई बाधा पुऱ्याउनेछ ।

सिजार्तोले हङ्गेरी र चीनबीचको बेल्ट एन्ड रोड सहकार्यले महत्त्वपूर्ण परिणाम हासिल गरेको र यसबाट हङ्गेरीलाई धेरै फाइदा भएको बताए ।

"हङ्गेरीले अन्तर्राष्ट्रिय सहयोगका लागि तेस्रो बेल्ट एन्ड रोड फोरममा सक्रियरूपमा भाग लिने, दुई पक्षबीच बेल्ट एन्ड रोड सहयोगलाई अझ प्रगाढ बनाउने र हङ्गेरी–सर्बिया रेलमार्ग निर्माणमा ठोस प्रगति गर्नेछ, ताकि द्विपक्षीय सम्बन्धको थप विकासका लागि जोड दिनेछ," सिजार्तोले भने । रासस

## उत्तर कोरियाको संविधानमा आणविक शक्ति बनेको दाबी

सियोल, ११ असोज/सिन्ह्वा

उत्तर कोरियाका नेता किम जोङ उनले संयुक्त राज्य अमेरिकाबाट उत्पन्न खतराको सामना गर्न थप आधुनिक आणविक अस्त्र माग गर्दै संविधानमा आणविक शक्तिको हैसियत समावेश गरेको सरकारी सञ्चारमाध्यमले बिहीवार जनाएका छन् ।

आणविक हतियार कार्यक्रमलाई लिएर अन्तर्राष्ट्रिय प्रतिबन्धका बावजूद उत्तर कोरियाले संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया र उसका सहयोगीहरूको चेतावनीलाई बेवास्ता गर्दै यस वर्ष उल्लेख्य सङ्ख्यामा क्षेप्यास्त्र परीक्षण गरेको छ ।

प्योङयाङलाई आफ्नो आणविक शस्त्रागार त्याग्न राजी गराउने कूटनीतिक प्रयास असफल भयो र गत वर्ष किमले उत्तर कोरियालाई 'अपरिवर्तनीय' आणविक हतियार सम्पन्न राष्ट्र घोषणा गरेपछि संवैधानिक परिवर्तन आएको थियो ।

उत्तर कोरियाली नेता किमले स्टेट पिपुल्स एसेम्बलीको बैठकमा भने–"उत्तर कोरियाको आणविक शक्ति निर्माण गर्ने नीतिलाई राज्यको आधारभूत कानूनको रूपमा स्थायी गरिएको छ, जसको कसैलाई पनि उल्लङ्घन गर्ने अनुमति छैन ।"

उत्तर कोरियालाई संयुक्त राज्य अमेरिका र क्षेत्रमा उसका सहयोगीहरूको अस्तित्वजन्य खतराको सामना गर्न आणविक हतियार आवश्यक रहेको उनले बताए ।

उनले भने–"संयुक्त राज्य अमेरिकाले स्पष्ट आक्रामक प्रकृतिका साथ ठूलो मात्रामा आणविक युद्धका लागि संयुक्त अभ्यासहरू पुनः शुरू गरेर र कोरियाली प्रायःद्वीपनजीक स्थायीरूपमा आफ्नो रणनीतिक आणविक सम्पत्ति राखेर हाम्रो गणतन्त्रको लागि आणविक युद्धको खतरालाई अधिकतम बनाएको छ ।"

किमले वाशिङ्टन, सियोल र टोकियोबीच हालै बढेको सुरक्षा सहयोगलाई 'सबैभन्दा खराब वास्तविक खतरा' को संज्ञा दिएका छन् । उनले थप भने–"फलस्वरूप, उत्तर कोरियाका लागि रणनीतिक प्रतिरोधको निश्चित किनारा समात्न आणविक हतियारको आधुनिकीकरणलाई गति दिनु धेरै महत्त्वपूर्ण छ ।"

कोरियाली केन्द्रीय समाचार संस्था (केसिएनए)का अनुसार किमले आणविक हतियारको उत्पादन तीव्र बनाएर आणविक आक्रमणका साधन विविधीकरण अगाडि बढाउन पनि जोड दिएका छन् ।

तर छिमेकी मुलुक जापानले भने उत्तर कोरियाको आणविक हतियार कार्यक्रम 'पूर्णतया अस्वीकार्य' भएको बताएको छ ।

"उत्तर कोरियाको आणविक र क्षेप्यास्त्र विकासले हाम्रो देश र अन्तर्राष्ट्रिय समुदायको शान्ति र सुरक्षालाई खतरामा पारेको छ"–जापानी मन्त्रिपरिषद्का मुख्यसचिव हिरोकाजु मात्सुनोले बिहीवार उत्तर कोरियाको संवैधानिक परिवर्तनबारे दिएको प्रतिक्रियामा भने । उनले भने–"हामी संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया र बाँकी अन्तर्राष्ट्रिय समुदायसँग संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरूको पूर्ण कार्यान्वयन र उत्तर कोरियाको पूर्ण परमाणु निशशस्त्रीकरणको लागि सहयोग गर्नेछौं ।"

उत्तर कोरियाको आणविक हैसियत संविधानमा उल्लेख भएसँगै उत्तर कोरियाको नेतृत्वलाई आणविक हतियार त्याग्न राजी गराउने सम्भावना क्षीण हुँदै गएको विज्ञहरूले बताएका छन् ।

किमको भाषणबारे सियोलस्थित युनिभर्सिटी अफ नर्थ कोरियन स्टडिजका अध्यक्ष याङ मुन जिनले एएफपीसँग भने–"यो उहाँको आणविक शक्तिको स्थायित्वको प्रतीक हो ।"

यसले उत्तर कोरियाको आणविक निशशस्त्रीकरणको सम्भावनालाई अझ टाढा धकेल्छ । उत्तर कोरियाले यस वर्ष धेरै अन्तर्महादेशीय ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण गरेको र यसलाई उत्तर कोरियाली सेनाले 'देशकै रणनीतिक आणविक कार्यक्रम'को रूपमा व्याख्या गरेको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यर्थभ्रमण | वृष – मनोरञ्जन |
| मिथुन – कर्मप्राप्ति | कर्कट – राज्यलाभ |
| सिंह – वादविवाद | कन्या – यात्रालाभ |
| तुला – शत्रुपराजय | वृश्चिक – सुसमाचार |
| धनु – उदरपीडा | मकर – मित्रमिलन |
| कुम्भ – अतिथिआगमन | मीन – सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

## समयमा उपचार गरे बाल क्यान्सर निको हुन्छ -डा शर्मा

चितवन, ११ असोज/रासस

बालबालिकामा हुने क्यान्सर समयमा उपचार गरे निको हुने चिकित्सकको भनाइ छ । पछिल्ला वर्षमा नेपालमा भित्रिएका प्रविधि र औषधिका कारण बाल क्यान्सरको उपचार सम्भव भएको हो ।

बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरका युवा तथा बाल क्यान्सर रोग विशेषज्ञ डा कृष्णसागर शर्माले बाल क्यान्सर जति खर्च गरे पनि उपचार निको हुँदैन, रोग निको भयो भने पनि रोग बल्झन्छ भन्ने भ्रम जनमानसमा रहेको बताए । उनले भने, "यो सत्य होइन । अहिलेको अवस्थामा बालबालिकाको क्यान्सर निको हुने दर राम्रो छ । उपचार गर्न सक्छौं ।"

ठूला मानिसको तुलनामा दुई कारणले बालबालिकाको क्यान्सर छिटो निको हुने उनी बताउँछन् । उनको भनाइमा बालबालिकालाई हाई डोजको औषधि दिन सकिन्छ । यसैगरी, केमो थेरापी दिंदा ठूलाको भन्दा बच्चाले धेरै सहन सक्ने भएकाले तत्काल काम गर्छ । बालबालिकाका धेरैजसो क्यान्सरलाई नेपालमैं रोग पत्ता लगाउन सकिने भन्दै उनले भने, "अहिले नेपालमा उपचार गर्दाखेरी बाल क्यान्सर निको हुने दर करीब ६० प्रतिशतभन्दा बढी देखिन्छ ।" विश्वका विकसित देशहरूमा जस्तै अमेरिका, जापानलगायत समग्रमा कतिपय क्यान्सर ९० प्रतिशतभन्दा बढी निको हुने दर रहेको भन्दै उनले समग्रमा हेर्दा ८० प्रतिशतभन्दा बढी बालबालिकाको क्यान्सर निको हुने बताए ।

दुई दशक पहिले नेपालमा बाल क्यान्सरको उपचार सम्भव नरहेको भन्दै बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा बाल क्यान्सर विभाग सुरुआत भएसँगै यो सम्भव भएको बताए। उनले भने, "अहिले करीब दुई दशकपछाडिको समयमा आइपुग्दा धेरै



तस्वीरः फाइल

बालबालिकाको नेपालमैं क्यान्सरको उपचार भएर राम्रो नतीजा आउन सक्छ भन्ने सन्देश जनमानसमा पुगिसकेको छ।"

नेपालमा प्रत्येक वर्ष करीब एक हजार पाँच सय बालबालिकामा क्यान्सर रोग लाग्ने भन्दै उनले त्यसमध्ये विभिन्न अस्पतालबाट आउने बालबालिकाको अनुपात करीब आठ सय रहेको जानकारी दिए। उनले भने, "अहिले पनि आधाभन्दा बढी बालबालिका अस्पतालको पहुँचमा आइनसकेको हाम्रो अनुमान छ।" बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा ३५० भन्दा बढी बालबालिका प्रत्येक वर्ष क्यान्सरको उपचारका लागि आउने गर्छन्। यसले गर्दा सरदरमा हरेक दिन एक वा दुई जना बाल क्यान्सरका नयाँ बिरामी आउने उनले जानकारी दिए । विशेषगरी बालबालिकाको रक्त क्यान्सरको उपचार तीन वर्षसम्म लाग्ने भएकाले अहिलेको समयमा पाँच सयभन्दा बढी बालबालिका यसै अस्पतालमा उपचाररत रहेको उनको भनाइ छ।

उपचारमा आउने बालबालिका पनि अस्पतालमा आउँदा रोग छिप्पिइसकेपछि ढिलो गरी आउने गरेको उनको अनुभव छ। उनले भने, "ढिलो गरी अस्पताल आउँदा रोग फैलिसक्ने भएकाले पूर्णरूपमा निको पार्न गाऱ्हो हुन्छ ।" क्यान्सरको तेस्रो, चौथो चरणमा भएका बाल क्यान्सर पनि निको भएको उनको अनुभव छ। अझै पनि आधाभन्दा बढी बालबालिका उपचारको पहुँचमा नआएको भन्दै उपचार सम्भव छ भन्ने कुरालाई व्यापक प्रचारप्रसार गरेर उपचारमा ल्याउनुपर्ने उनले बताए ।

बालबालिकालाई क्यान्सर लाग्ने कारण यही नै हो भन्ने नरहेको भन्दै उनले थपे, "विशेषगरी बालबालिकाको क्यान्सर वंशाणुगत रोग त हो नै तर जीनमा भएको खराबीले गर्दा बालबालिकालाई क्यान्सर लाग्ने गर्छ।" कतिपय बालबालिका जन्मजात नै

(बाँकी अन्तिम पातामा)

### मन लगाऔं ...

या आफ्नो हृदय लगाएर बचाउने कोशिश गर्नुपर्छ। मुटुरोगको महामारीबाट जोगिने एउटै उपाय छ, यो के हो भने यो रोगबाट बच्ने, रोग लाग्नै नदिने। त्यसको लागि सबै जनमानसमा यो रोगको जानकारी जतिसक्यो बढाउनुपर्छ । यस वर्षको नारालाई निम्न तीन किसिमबाट बुझ्न सकिन्छ ।

**मानवताका लागि मुटु**

संसारमैं मुटुरोगहरूमध्ये ७५ प्रतिशत लगभग मुटुरोग हाम्रोजस्तो विकास हुन बाँकी, गरीब, पछि परेका देशहरूमा हुन्छ। यस संसारको यति ठूलो मानिसको सङ्ख्या मुटुरोगी हुनु र त्यो पनि हाम्रोजस्तो देशमा हुनु ज्यादै दुःखको कुरा हो । त्यसैले हरेक मानिसले मानवताको लागि यस कुरालाई मनन गरेर कसरी हुन्छ, कुन उपाय गर्दा यसबाट बच्न र बचाउन सकिन्छ भनेर मुटुमा हात राखेर आफ्नो मुटु साक्षी राखी अरूको मर्म बुझेर समाजमैं मुटु बचाउनेतर्फ लाग्न अति आवश्यक छ।

मानवताका लागि कसरी हुन्छ यस रोगबाट बच्ने भन्ने कुराको साथसाथै कसैलाई मुटुरोग लागिसकेको छ भने पनि के कसरी उसको मर्म–पीडा कम गर्न सकिन्छ भन्नेतर्फ लाग्न जरुरी छ। हाम्रो समाजमा, शिक्षामा, स्वास्थ्यमा धेरैको सहज पहुँच छैन । धेरैलाई यसबारे जानकारी छैन, धेरैमा स्रोत पनि सीमित हुन्छ। यस्तो अवस्थामा यस रोगबारे जानकारी, यसबाट बच्न गर्नुपर्ने उपायहरू र उपचार गर्नुपरे कसरी सहज बनाउने भनेर सबै लगनशीलतापूर्वक सच्चा मनदेखि लागिपर्नुपर्छ, मदत गर्नुपर्छ ।

**प्रकृतिका लागि मुटु**

मानवजाति प्रकृतिप्रति कठोर हुँदै आएको छ । आफ्नो स्वार्थको लागि प्रकृतिरूपी आमाको शोषण गरिरहेको छ । मानिसकै कारण वातावरण बिग्रिरहेको छ । मौसम बदलिंदै छ, संसारको तापक्रम बढ्दो छ, वायु प्रदूषण बिग्रेर विषैविषले भरिएको छ। यो सबै बिगार्ने अरू कोही होइन, मानवजाति नै हो। प्रकृतिलाई जिस्काएर मानवजातिले ठूलो भूल गर्दैछ । यसले गर्दा संसारमा प्राकृतिक प्रकोपहरू बढ्दै गएका छन् । आगलागी, हावाहुरी, बाढीपहिरो, विभिन्न किसिमका महामारीले अकाल मृत्यु हुने क्रम बढ्दै गएको छ भने युवावस्थामैं मानिसहरू नयाँनयाँ रोगबाट ग्रस्त भएका छन्। कलिलै उमेरमा पनि मानसिक रोग, मुटुरोग, क्यान्सरजस्ता रोगले सताउने गरेका छन्। मुटुरोगकै कुरा गर्दा पनि लगभग २५ प्रतिशत जति मुटुरोग वायु प्रदूषणको कारणले हुने गर्छ। समाजलाई बचाउने हो भने प्रकृतिलाई विनाश होइन, माया गर्नुपर्छ।

**आफ्नैलागि मुटु**

अरूको मुटु बचाउने हो भने सर्वप्रथम आफ्नो मुटुमा ध्यान दिन जरुरी छ । हामीले आफ्नो मुटु स्वस्थ राख्न सके अरूको मुटु जोगाउन सक्षम हुन सक्छौं। पहिले आफ्नो अवस्थाबारे जान्न आवश्यक छ। आफ्नो तौल ठीक छ/छैन, मधुमेह, रक्तचाप, चिल्लो पदार्थ ठीक छ/छैन, व्यायाम गर्ने, ध्यान योग गरेको छ/छैन, अनावश्यक तनाव लिने गरेको छ/छैन, चुरोट–रक्सी सेवन गरिन्छ कि ? घरको साधारण खाना नखाएर बजारिया पत्रु खाना पो खाने गरेको छ कि ? यी सबै कुराको हेक्का राखेर यसलाई ठीक अवस्थामा राख्न जरुरी छ। रोग लागिहाल्यो भने पनि चिकित्सकको सल्लाह अनुसार औषधिसेवन गरेर शारीरिक र मानसिक अवस्था सन्तुलित र स्वस्थ राख्नुपर्छ ।

**मुटु के हो त ?**

मुटु रक्तसञ्चारको प्रमुख अङ्ग हो। यो दुई फोक्सोबीच बायाँ भागतिर छातीमा हुन्छ । यो ठूलो मान्छेको मुडकी जत्रो हुन्छ, लगभग मिनेटमा ७२ पटक धड्किने गर्छ । मुटु दिनको एक लाख १५ हजारपटक धड्किन्छ। दिनभरिमा २०० ग्यालन रगत पम्प गर्छ। हरेक मिनेटमा १.५ ग्यालन रगत पम्प गर्छ। मुटु एउटा बलियो मांसपेशीले बनेको अङ्ग हो। यसले पम्प गरेको रगत र रगतबाट जीउलाई चाहिने पौष्टिक तत्त्वहरू पुऱ्याउने गर्छ र यही पम्पले शरीरका धमिलिएको रगत बटुलेर फोक्सोमा पुऱ्याउँछ। त्यहाँ सफा रगत बनाएर पूरा शरीरभरि पुऱ्याउने काम गर्छ। यसरी मुटुले अहोरात्र काम गर्छ । बलियो मांसपेशीले बने पनि यो ज्यादै संवेदनशील र भावुक हुन्छ। हरेक राम्रो–नराम्रो कुराको असर यसमा सीधैं पर्ने हुँदा यसलाई ज्यादै माया गर्नुपर्छ ।

**मुटुरोग लाग्ने कारक तत्त्वहरू के के हुन् ?**

मुटुरोग लाग्ने कारक तत्त्वहरूको वैज्ञानिक प्रमाणीकरण भइसकेको छ । मुख्यगरी धूमपान वा सुर्तीजन्य पदार्थको सेवन, उच्च रक्तचाप, अनियन्त्रित मधुमेह, रगतमा चिल्लो पदार्थहरूको असन्तुलन, व्यायाम, ध्यान, योग नगर्ने बानी, वजन धेरै हुने, अनावश्यक तनाव लिने बानी, लोभ–लालच, फलफूल नखाने बानी, खानामा नूनै नून, चिनी, कार्बोहाइड्रेट धेरै खाने, अर्थात् बजारको पोके पत्रु खाना खाने बानी, कम सुत्ने बानी इत्यादि पर्छन्। यी कारक तत्त्वलाई ठीक ठाउँमा राख्न सके मुटुरोगबाट जोगिन सकिन्छ। जुन कुरा वैज्ञानिकहरूले प्रमाणित गरिसकेका छन्। कारक तत्त्वमध्ये केही गर्न नमिल्ने एउटै कुरा छ, त्यो हो वंशानुगत आउने कारक तत्त्व। यो हाम्रो हातमा छैन, बाँकी सबै आफैं नियन्त्रण गर्न सक्षम छौं ।

**के गर्न उचित होला ?**

विश्व मुटु दिवस धूमधामले मनाउने भनेकै यो रोग के हो र यसबाट कसरी बच्न सकिन्छ भनेर जानकारी बढाउने हो । जे कुरा गर्न पनि त्यसबारे जान्नु जरुरी छ । तसर्थ हामीले जुन कारक तत्त्वबारे छलफल गऱ्यौं, त्यसमा एउटा वंशानुगतबाहेक सबै कारक तत्त्व हामी आफैं नियन्त्रण गर्न सक्छौं ।

वर्षको एकपटक कमसेकम, यदि मिल्छ भने, आफ्नो जन्मदिन पारेर चिकित्सकको सल्लाह लिएर आफ्नो स्वास्थ्यबारे जानकारी लिने गरौं र कुन कुन कारक तत्त्वलाई ठीक अवस्थामा राख्नु छ, त्यसमा ध्यान दिने गरौं । चुरोट, रक्सीको सेवन नगरौं, रक्तचाप, मधुमेह र रगतमा हुने चिल्लो पदार्थ नियन्त्रण गरेर राखौं, तौल बढ्न नदिन व्यायाम, ध्यान–योग अभ्यास गर्ने गरौं, अनावश्यक तनाव लिने, लोभ–लालचमा नफसौं, फलफूल खाने बानी बसालौं । आफ्नो मुटु स्वस्थ राखौं र आफूले जाने जति मनैदेखि अरूको पनि मुटु बचाउने अभियानमा लागौं ।

–लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ हुन् ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# पंचगावाँमा १७औं विश्व रेबिज दिवस मनाइयो

प्रमोद यादव, पंचगावाँ, ११ असोज/

'एकको लागि सबै, सबैको लागि एक स्वास्थ्य' नाराका साथ सखुवाप्रसौनी गाउँपालिका पशु शाखाको आयोजनामा पंचगावाँ बजारमा १७औं विश्व रेबिज दिवस–२०८० मनाइएको छ ।

कार्यक्रममा गापा उपाध्यक्ष शर्मिलाविष्ट महतोले रेबिज न्यूरोट्रोपिक भाइरसका कारणले हुने र यो जनावरको टोकाइबाट मानिसमा सर्ने गरेको बताइन्। उनले कुकुरको टोकाइबाट लाग्ने रेबिज रोगविरुद्ध खोप लिन आग्रह गरिन्। कार्यक्रममा १५ वटा कुकुरलाई रेबिजविरुद्धको खोप लगाइएको पशु शाखाका प्राविधिक रोशन कँडेलले बताए। वडा नं ४ का अध्यक्ष आराफी अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा जनप्रतिनिधि, स्थानीयवासीलगायतको सहभागिता थियो ।

## चिकित्सक आक्रमण ...

नगराएसम्म आफूहरूको आन्दोलन नरोकिने सङ्घ नारायणीका अध्यक्ष डा मनोजकुमार गुप्ताले बताए ।

चिकित्सकको सुरक्षाको लागि सरकारले विगतमा गरेको सम्झौता 'जेल विदाउट वेल'को लागि सरकारले कानून बनाउनुपर्ने सङ्घका सचिव डा नौसाद हकले बताए ।

कोणसभामा डा उदयनारायण सिंह, डा प्रमोद सर्राफ, डा अजय यादव, डा अखिलेश्वर झा, डा प्रमिला गुप्ता यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए।

## समयमा उपचार गरे बाल ...

क्यान्सर लिएर आउने उनी बताउँछन्। रक्त क्यान्सर, न्युरोप्लास्टामा, विल्मस टच्युमरलगायतका रोगहरू बालबालिकाको पहिलो वर्षमैं धेरै देखिने गर्छन् । नसासम्बन्धी क्यान्सर, कलेजोको क्यान्सर, कतिपय ब्रेन टच्युमर र कतिपय रक्त क्यान्सर बालबालिकाको पाँच वर्षभन्दामुनि नै देखिन्छ। पाँचदेखि १५ वर्षसम्मको बालबालिकामा लिम्फोमाहरू, ग्ल्यान्ड क्यान्सर र हड्डीलगायतका क्यान्सर बढी देखिने डा शर्मा बताउँछन्।

बालबालिका बिरामी हुँदा लक्षण हेरेर अभिभावकले कतै क्यान्सर त होइन ? भनेर पनि शङ्का गर्नुपर्ने डा शर्मा बताउँछन् । उनले भने, "विशेषगरी एक/दुई हप्ताभन्दा बढी समयसम्म ज्वरो आइरहने, बालबालिकाको शरीरमा नीलो डाम देखिने, रगत घट्ने, रक्तश्राव हुने, पेट फुलेर आउने जस्ता लक्षण रक्त क्यान्सरका हुन् ।"

बालबालिकाको 'आइक्यू' कम हुने, मूर्छा पर्नेलगायत लक्षण छन् भने ब्रेन टच्युमर हुन सक्छ। त्यस्तै, पेट, कलेजो, मिर्गौला र अन्डाशयको वरिपरि अनियन्त्रित खालको मासु छ भने त्यहाँको क्यान्सर हुन सक्ने उनी बताउँछन् ।


## पशु चौपायालाई लम्पी स्किन रोगबाट बचाऔं

**लम्पी स्किन रोगका लक्षणहरूः**

- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउने ।
- दानापानी कम खाने र दूध उत्पादन घट्ने ।
- छालामा गिर्खा/गाँठाहरू देखिने, केही समयपछि हराउने वा फुट्ने र कीरा औंसा पर्न सक्ने ।
- नाक, मुख, कल्चौडा र थुनमा घाउ हुने ।
- आँसु, र्‍याल, सिङ्गान आउने चिप्रा कचेरा लाग्ने ।
- खुट्टा जोर्नी सुन्निने ।
- गोबर तथा पिसाबमा आलो रगत देखिन सक्ने ।

**यस्ता लक्षण देखिएमा,**

- रोगी पशुलाई अलग्गै राखौं ।
- रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो, सख्खर पानीलगायत झोलिलो पदार्थ र नरम घाँस खुवाऔं ।
- ज्वरो आएको पशुलाई आराम गराऔं ।
- नजीकको पशुचिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## लिगलिगे दौड प्रतियोगिता कात्तिक १ मा हुने

गोरखा, ११ असोज/रासस

लिगलिगकोट राजा छनोट गर्न लागि हरेक वर्ष आयोजना हुने गरेको लिगलिगे दौड प्रतियोगितामा सहभागी हुन चाहने खेलाडीका लागि यस वर्ष अनलाइनमार्फत फाराम भर्न खुला गरिएको छ ।

लिगलिग विकास अभियानको आयोजनामा हुने 'लिगलिगे दौड प्रतियोगिता २०८०' मा सहभागी हुन चाहने खेलाडीका लागि अनलाइन फाराम भर्न खुला गरिएको अभियानका अध्यक्ष सञ्जीव रानामगरले जानकारी दिए ।

कात्तिक १ गते हुन लागेको प्रतियोगितामा सहभागी हुन चाहने खेलाडीले यही असोज २५ गतेसम्म फाराम भरिसक्नुपर्ने उनको भनाइ छ। अभियानले यसपटक ११औं संस्करणको लिगलिगे दौड प्रतियोगिता आयोजना गर्न लागेको हो। प्रतियोगितामा प्रथम हुने धावकलाई एक वर्षका लागि लिगलिगकोटको साङ्केतिक राजा घोषणा गर्ने प्रचलन रहँदै आएको छ।

गोरखा र लमजुङको सिमानामा पर्ने मर्स्याङ्दी नदीको दोभानमा रहेको चेपेघाटबाट शुरू हुने दौड प्रतियोगिता ढिकीडाँडा, ठाँटीपोखरी, पानी ट्याङ्की, छापथोक, बडडाँडा, बोहोरागाउँ, सभा चौतारो, मैबल, दर्बेपानी, बिजुलीडाँडा, खोली चौतारोदेखि लिगलिगकोट गढीसम्म पुगेर समापन हुने गर्छ।

प्रतियोगितामा उपाधि विजेता खेलाडीलाई नगद रु एक लाखसहित श्रीपेंच पगरी, ट्रफी, मेडल र प्रमाणपत्रको व्यवस्था रहेको अध्यक्ष थापामगरले बताए। मेन इलिट (खुला) प्रतियोगितातर्फ सहभागी खेलाडीले निर्धारित १३.८ किलोमिटर दूरी पार गर्नुपर्नेछ।

प्रतियोगितामा दोस्रो हुनेलाई रु ५० हजार, तेस्रो हुनेलाई रु २५ हजार, चौथो हुनेलाई रु १४ हजार र पाँचौं हुने विजेतालाई रु १० हजार पुरस्कारको व्यवस्था रहेको उनले बताए। तीन समूह चरणमा हुने प्रतियोगितामा स्थानीयवासी र विद्यार्थीले पनि छुट्टाछुट्टै प्रतिस्पर्धा गर्न पाउने व्यवस्था गरिएको छ।

स्थानीय खुलातर्फ भाग लिएर विजेता हुन खेलाडीमध्ये प्रथम हुनेले रु २० हजार, दोस्रो हुनेले रु १५ हजार तथा तेस्रो हुनेले रु १० हजार पुरस्कार प्राप्त गर्नेछ। विद्यार्थीतर्फ प्रतियोगितामा सहभागी हुन पाउने १८ वर्षभन्दा मुनिका छात्रले भने पालुङटार नगरपालिका–३ को मैवलबाट कालिका मन्दिरसम्मको तीन किलोमिटर दौड पूरा गर्नुपर्ने उनले बताए।

नेपाल एकीकरण अघिका बाइसे चौबीसे राज्यमध्ये लिगलिगकोटमा दौडेर प्रथम हुने व्यक्ति राजा हुने परम्परा रहेको थियो। पहिले राजा हुने परम्पराबाट दौड प्रतियोगिता शुरू भएको भए पनि अहिले लिगलिगको आन्तरिक तथा बाह्य पर्यटकलाई लिगलिगकोट भित्र्याउन प्रतियोगिता आयोजना गरिँदै आएको छ। विसं १६०४ मा शुरू भएको मानिएको दौड प्रतियोगितालाई पुनः २०६७ बाट निरन्तरता दिन थालिएको हो। तत्कालीन राजा द्रव्य शाहले दौडमा विजय हासिल गरी लिगलिगकोटको राजा बनेपछि दौडेर राजा हुने परम्पराको अन्त्य भएको मानिन्छ।

## १९औं एशियाली खेलकुद : तेक्वान्दोमा नेपाल पदकविहीन, ब्याडमिन्टनमा विजयी सुरुआत

हाङझाउ (चीन), ११ असोज/रासस

१९औं एशियाली खेलकूद, २०२२ अन्तर्गत तेक्वान्दोमा नेपाल पदकविहीन बनेको छ। बिहीवार भएको ८० किलोमाथिको तौल समूहमा नेपालका ज्याकी यादव जोर्डनका खेलाडीसित पराजित भए। उनी २–० अङ्कले पराजित भएका हुन्। यादवको पराजयसँगै नेपालले सर्वाधिक आस गरेको तेक्वान्दोमा पदकविहीन बन्न पुगेको हो।



तेक्वान्दोबाट ११ खेलाडी सहभागी भएका थिए। यसअघि ४९ किलो तौल समूहमा अञ्जली तामाङ र ६३ किलो तौल समूहमा गोविन्द आले पराजित भएका थिए।

सन् २००६ पछि नेपालले तेक्वान्दोमा पदक जित्न सकेको छैन। त्यसअघि भने नेपालले एशियाली खेलकूदमा तेक्वान्दोबाट एक रजत र १३ कांस्य प्राप्त गरेको थियो।

### ब्याडमिन्टनमा पुरुष टोलीको विजयी सुरुआत

१९औं एशियाली खेलकूद अन्तर्गत ब्याडमिन्टनको टीम इभेन्ट्समा नेपालको पुरुष टोलीले विजयी सुरुआत गरेको छ। नेपालले मङ्गोलियालाई ३–१ सेटले पराजित गरेको हो। प्रिन्स दाहाल र सुनील जोशीको जोडी विजयी हुँदै क्वार्टरफाइनलमा प्रवेश गरेको छ ।

विष्णु कटुवाल र प्रिन्स दाहालको जोडी पुरुष डबल्समा पनि विजयी भएको छ। महिला टीम इभेन्ट्समा भने नेपाल माल्दिभ्ससित ३–१ सेटले पराजित भएको छ। महिला डबल्समा नेपालका रसिला महर्जन र अनुमाया राईको जोडी पराजित भयो।

### नेपालले महिला फूटबलमा बङ्गलादेशसित बराबरी खेल्यो

१९औं एशियाली खेलकूद, २०२२ अन्तर्गत महिला फूटबलतर्फ नेपालले बङ्गलादेशसित बराबरी खेलेको छ। नेपाल र बङ्गलादेश दुवैले एक/एक गोलको बराबरी खेलेका हुन्।

नेपालका लागि रेखा पौडेलले गोल गरेकी हुन्। वानझाउ ओलम्पिक स्पोर्ट्स सेन्टरमा पौडेलले खेलको ८३औं मिनेटमा गोल गरेकी हुन्। सावित्रा भण्डारीले दिएको पासमा उनले गोल गरिन्। मध्यान्तरअघिको खेलमा बङ्गलादेशले एक गोल गर्दै अग्रता लिएको थियो। उसका लागि खेलको ४४औं मिनेटमा सविना खातुनले गोल गरिन्।

समूह 'डी'मा रहेका दुवै टोलीले आफ्नो अन्तिम खेल खेलेका थिए। नेपाल र बङ्गलादेश यसअघि खेलेका आफ्ना दुवै खेलमा पराजित भएका थिए। नेपाल समूह चरणको पहिलो खेलमा भियतनामसित २–० गोलअन्तरले तथा दोस्रो खेलमा जापानसित ८–० गोलअन्तरले पराजित भएको थियो।

यस्तै, बङ्गलादेश पहिलो खेलमा जापानसित ८–० गोलअन्तरले तथा भियतनामसित ६–१ गोलअन्तरले पराजित भएको थियो।

### टेबल टेनिसमा नेपालका सिक्का र नविता पराजित

१९औं एशियाली खेलकूद, २०२२ अन्तर्गत टेबल टेनिसतर्फ बिहीवार भएको खेलमा नेपालका सिक्का सुवाल श्रेष्ठ र नविता श्रेष्ठ पराजित भएका छन्।

गोन्सु क्यानल स्पोर्ट्स सेन्टरमा महिला एकलतर्फ नेपालकी सिक्का जापानी खेलाडी मियु हिरोनोसँग ४–० को सोझो सेटमा पराजित भइन्। उक्त खेल जापानी खेलाडी हिरोनोले ११–७, ११–१, ११–४ र ११–५ अङ्कले जितिन्।

यसैगरी, महिला एकलतर्फ नै नेपालकी नविता श्रेष्ठ भारतीय खेलाडी मनिका बात्रासित ४–० सोझो सेटमैं पराजित भइन्। नविताले उक्त खेल ५–११, ४–११, ३–११ र २–११ अङ्कले गुमाइन्।

यस्तै, महिला डबल्सतर्फ पनि सिक्का र नविताको जोडी चीनका यिदी वाङ र मेङ चेनको जोडीसित ३–० को सोझो सेटमा पराजित भयो। सिक्का र नविताले उक्त खेल ३–११, ४–११ र १–११ अङ्कले गुमाउन पुगे। यसअघि नेपाली टोली पुरुष एकल, पुरुष डबल्स र मिक्स डबल्समा पनि पराजित भइसकेका छन्। अब नेपालले टीम स्पर्धामा प्रतिस्पर्धा गर्न बाँकी छ।

### नेपालको पब्जी टोली दोस्रो चरणमा

ई स्पोर्ट्स विधामा पब्जी मोबाइलको पिस एलिट प्रतिस्पर्धामा नेपाली टोली दोस्रो चरणमा पुगेको छ। हाङझाउ स्पोर्ट्स सेन्टरमा आज भएको समूह 'सी'को पहिलो चरणमा नेपाल दोस्रो स्थान हासिल गर्दै दोस्रो चरणमा प्रवेश गर्न सफल भएको हो।

नेपाल सम्मिलित समूह 'सी'मा मङ्गोलिया, दक्षिण कोरिया र भियतनाम रहेका छन्। दक्षिण कोरिया उक्त समूहको शीर्ष स्थानमा तथा नेपाल दोस्रो स्थानमा रह्यो। पब्जी स्पर्धामा नेपालको ५२ मिनेट २० दशमलव २८ सेकेन्ड तथा दक्षिण कोरियाको ४७ मिनेट २८ दशमलव ४६ सेकेन्डको समय रहेको थियो। योसँगै नेपाल क्वार्टरफाइनलमा प्रवेश गरेको छ।

पब्जीमा सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ। नेपालले दोस्रो चरणमा शुक्रवार प्रतिस्पर्धा गर्नेछ। दोस्रो चरणबाट उत्कृष्ट आठ टोली तेस्रो चरणमा प्रवेश गर्नेछन्। यसअघि समूह 'ए'बाट हङकङ, समूह 'बी'बाट चाइनिज ताइपेई तथा समूह 'डी'बाट इन्डोनेशिया दोस्रो चरणमा प्रवेश गरिसकेका छन्।

### नेपाल स्क्वास र फेन्सिङमा पराजित

स्क्वासको पुरुष टीम इभेन्टमा नेपाल भारतसित पराजित भएको छ। नेपालको पुरुष टोली भारतसित ३–० ले पराजित भएको हो।

आज सम्पन्न पहिलो खेलमा नेपालका अमृत थापामगर भारतका अभय सिंहसित २–११, ४–११ र १–११ अङ्कले पराजित भए। अर्को खेलमा नेपालका अराहन्तकेशर सिंह भारतका महेश माङ्गोनकरसित २–११, ३–११ र ३–११ अङ्कले पराजित भए।

यस्तै, अमिर ब्लोन भारतका हरिन्दरपाल सिंहसित अन्तिम खेलमा १–११ ,२–११ र ६–११ अङ्कले पराजित भए। समूह 'ए'मा रहेको नेपाल यसअघि कुवेत, पाकिस्तान, कतार र सिङ्गापुरसित ३–० को सोझो सेटमा पराजित भएको थियो।

### फेन्सिङमा पराजित

फेन्सिङ खेलमा नेपालको पुरुष र महिला टोली पराजित भएका छन्। पुरुष साब्रे टोली कजाकिस्तानसित १५–४५ अङ्कले पराजित भयो। यस्तै, महिला फोइल टोली जापानसित १०–४५ अङ्कले पराजित हुँदै क्वार्टरफाइनलबाटै बाहिरिएको छ।

### गल्फमा सन्तोषजनक प्रदर्शन

गल्फको व्यक्तिगत स्पर्धामा नेपालले आज सन्तोषजनक खेल प्रदर्शन गरेको छ। नेपालका शुक्रबहादुर राईले दुई अन्डर ७० खेले। उनी ३१औं स्थानमा रहे।

यस्तै, नेपालका सद्भाव आचार्यले एक अन्डर ७१ र सुवास तामाङले पहिलो दिनको खेल सकाए। सद्भाव ३८औं तथा सुवास ४७औं स्थानमा रहे। युवराज भुजेल ५८औं स्थानमा छन्। महिला एकलतर्फ सुषमा सिग्देल १६ ओभर ८८ स्कोरका साथ ३६औं स्थानमा छिन्। यस्तै, कश्मीरा शाह ३८औं स्थानमा छिन्।